# अन्तिम लेखापरीक्षण प्रतिवेदन

उदयपुरगढी गाउँपालिका
उदयपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## उदयपुरगढी गाउँपालिका

## उदयपुर

### आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

उदयपुरगढी गाउँपालिका

उदयपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कोशी प्रदेश

मितिः२०८१।२।१३

प.सं. २०८०।८१

च.नं. ५५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू,
उदयपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
उदयपुर ।

१. **कैफियत सहितको राय** - हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ६० लाख ५९ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रू.२६ लाख ४८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२६ लाख ९९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ९ लाख ८ हजार, नियमित गर्नुपर्ने रू.६९ लाख ५४ हजार र पेश्की बाँकी रू.२८ लाख ५० हजार समेत रू.२ करोड ३४ लाख ११ हजार रहेको छ। यस गाउँपालिकाको गत वर्षसम्म रू.४ करोड ४६ लाख ७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू.६ करोड ४५ लाख रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३ हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ ।गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
**नायब महालेखापरीक्षक**

उदयपुरगढी गाउँपालिका,

उदयपुर जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७४ | ९७ | २६०५९ | ० | १२ | २६४८ | ७४ | ८५ | २३४११ | २६९९ | ६९५४ | १०९०८ | ० | ० | १७८६२ | २८५० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| उदयपुर | ४४६०७ | ० | ३५१८ | ४१०८९ | ० | २३४११ | ६४५०० |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | ३०.१ | पेश्की फस्योंट भएको प्रमाण पेश | १०२२६६५ |
| २ | | ५० | कर रकम असुल गरी दाखिला गरेको प्रमाण पेश | ११३३२ |
| ३ | | ५१ | कार्यपत्र तथा प्रशिक्षण भत्ता बढी भुक्तानी असुल गरी दाखिला गरेको प्रमाण पेश | ८१६० |
| ४ | | ६४ | कर रकम असुल गरी दाखिला गरेको प्रमाण पेश | २६९९३ |
| ५ | | ७४ | पेश्की फस्योंट गरेको प्रमाण पेश | १५३०००० |
| ६ | | ७५ | फरक दर कायम गरी बढी भुक्तानी दिएको रकम असुल गरी दाखिला गरेको प्रमाण पेश | ४०८२२ |
| ७ | | ८३ | बढी ग्रेड भुक्तानी रकम असुल गरी दाखिला गरेको प्रमाण पेश | ८००८ |
| | **चालु वर्षको जम्मा** | | | २६४७९८० |
| | **गत विगत वर्षतर्फको** | | | |
| १ | **२०७८।७९** | १५.१ | पेश्की फस्योंटको प्रमाण पेश | २७८००० |
| २ | | ३७ | सुरक्षित नागरिक आवास कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन पेश | ३२४०००० |
| | **जम्मा** | | | ३५१८००० |
| | **२०७७।७८** | - | - | - |
| | **२०७६।७७** | - | - | - |
| | **गत विगतको जम्मा** | | | ३५१८००० |
| | **कुल जम्मा** | | | ६१६५९८० |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

**(क) उदयपुरगढी गाउँपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिका, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ८, क्षेत्रफल २६९.५ वर्ग कि.मी. र जनसंख्या २८९२९ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१० देखि २०८०।६।२३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -**लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय -व्ययतर्फ रू.१,५१,९४,६९,६७८।६४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.७,३१,९७६।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | विवरण | रकम रू. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा वितरण गरी बाँकी रकम संघीय बेरुजु खातामा मिति २०८०।५।१४ मा फिर्ता भएको । | ४२२७३० |
| २ | तार जाली खरिदमा धरौटी जफत भएको रकम राजस्व खातामा मिति २०८०।५।१२ मा आम्दानी जनाएको । | ३५००० |
| ३ | घटी कर कट्टी रकम रू.१२,५६२।- लेखापरीक्षणको क्रममा दाखिला भएको । | १२५६२ |
| ४ | स्वास्थ्य कार्यक्रममा बिल भरपाई भन्दा रू.६,८००।- बढी रकम भुक्तानी भएको लेखापरीक्षणको क्रममा असुल गरी दाखिला भएको । | ६८०० |
| ५ | जय नारायण राय यादवको बढी ग्रेड भुक्तानी भएको रकम रू.३,२०३।- लेखापरीक्षणको क्रममा असुल गरी दाखिला भएको । | ३२०३ |
| ६ | विभिन्न कार्यक्रम सञ्चालन गर्दा प्रशिक्षण तथा कार्यपत्र खर्चमा बढी दरले गरेको भुक्तानी रकम रू.५९,३३०।- लेखापरीक्षणको क्रममा असुल गरी दाखिला भएको । | ५९३३० |
| ७ | फडिन्द्र विश्वकर्मालाई वडा परिसर व्यवस्थापन खर्च बापत बढी भुक्तानी भएको रू.८,०७०।- लेखापरीक्षणको क्रममा असुल गरी दाखिला भएको । | ८०७० |
| ८ | कार्यालय समयमा बसेको बैठक भत्ता वापत भुक्तानी भएको रकम रू.३९,१००।- लेखापरीक्षणको क्रममा असुल गरी दाखिला भएको । | ३९१०० |
| ९ | लेखापरीक्षणको क्रममा आम्दानी तर्फ घटी दाखिला गरेको वडा नं. २ को राजस्व रू.९,८४७।-, वडा नं. ३ को रू.६,७९२।-, वडा नं. ६ को रू.१,१५,३४३।- समेत रू.१,३१,९८२।- मा जरीवाना थप रू.१३,१९९।- गरी रू.१,४५,१८१।- असुल भई दाखिला भएको छ । | १४५१८१ |

२ **प्राप्ति भुक्तानी हिसाब** - पालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति भुक्तानी हिसाब देहायअनुसार छ ।

| प्राप्ति भुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रू. | | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ति (क+ख)** | | ७३,३४,४६,३८१.०० | ५६,०१,१७,०९४.९५ | | ५६,०१,१७,०९४.९५ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ७२,३०,०८,५६८.०० | ५५,५२,०४,८११.९५ | ० | ५५,५२,०४,८११.९५ |
| ११००० कर | ११ | १२,३०,२१,०००.०० | ९,५८,९१,९५९.८२ | ० | ९,५८,९१,९५९.८२ |
| १३००० अनुदान | | ५०,०२,९४,४३३.०० | ४५,०१,१८,०९४.०० | ० | ४५,०१,१८,०९४.०० |
| संघीय सरकार | १२ | ४७,२०,१४,४३३.०० | ४२,५१,६५,१५४.०० | ० | ४२,५१,६५,१५४.०० |
| प्रदेश सरकार | १२ | २,८२,८०,०००.०० | २,४९,५२,९४०.०० | ० | २,४९,५२,९४०.०० |
| आन्तरिक श्रोत | | ० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ७०,१०,०००.०० | ९१,९४,७५८.१३ | ० | ९१,९४,७५८.१३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | | ९,२६,८३,१३५.०० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,०४,३७,८१३.०० | ४९,१२,२८३.०० | | ४९,१२,२८३.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | १,०४,३७,८१३.०० | २५,५०,०००.०० | ० | २५,५०,०००.०० |
| धरौटी | | ० | २३,६२,२८३.०० | ० | २३,६२,२८३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७३,३४,४६,३८१.०० | ६१,५१,२१,८६१.३९ | | ६१,५१,२१,८६१.३९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७२,३०,०८,५६८.०० | ६०,६६,०७,८९७.१७ | | ६०,६६,०७,८९७.१७ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २२,१७,२१,०००.०० | २०,२४,४०,८६७.२७ | ० | २०,२४,४०,८६७.२७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १९,६२,५३,०००.०० | १५,७३,२७,०८०.४० | ० | १५,७३,२७,०८०.४० |
| २७००० सामाजिक सुरक्षा | १८ | ० | ० | ० | ० |
| २८००० अन्य खर्च | १८ | ३०,७३,२५०.०० | २७,११,९२६.०० | ० | २७,११,९२६.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पुँजीगत खर्च | १८ | ३०,१९,६१,३१८.०० | २४,४१,२८,०२३.५० | ० | २४,४१,२८,०२३.५० |
| घ. अन्य भुक्तानी | | १,०४,३७,८१३.०० | ८५,१३,९६४.२२ | | ८५,१३,९६४.२२ |
| कोषहरु | | १,०४,३७,८१३.०० | ७२,५१,७४६.०० | ० | ७२,५१,७४६.०० |
| धरौटी | | ० | १४,६०,६८१.०० | ० | १४,६०,६८१.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी | | | (१,९८,४६२.७८) | | (१,९८,४६२.७८) |
| ङ. यो वर्षको बचत (न्युन) | | | (५,५०,०४,७६६.४४) | | (५,५०,०४,७६६.४४) |
| च. गत वर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १०,६२,२७,१२२.३१ | | १०,६२,२७,१२२.३१ |
| वर्षान्तको बाँकी रकम (ङ + च) | | | ५,१२,२२,३५५.८७ | | ५,१२,२२,३५५.८७ |

३ **एकीकृत आ.वि.** - पालिकाले पेश गरेको आर्थिक वर्ष २०७९।८० को एकीकृत आ.वि. देहायअनुसार छ ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ९६६०७४७५.३९ | १ | चालु खर्च | ३६२४७९८७३.६७ | ३६२४७९८७३.६७ |
| | क) संचित कोष | ९२६८३१३५ | | २ | पुँजीगत खर्च | २४४१२८०२३.५ | २४४१२८०२३.५ |
| | ख) धरौटी खाता | ३९२४३४०.३९ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व(आन्तरिक आय) | | १०५०८६७१७.९५ | | क) ऋण भुक्तानी | ० | |
| | क) आन्तरिक राजस्व | ८२८०४०५.६८ | | | ख) ब्याज भुक्तानी | ० | |
| | ख) राजस्व बाँडफाँड | ९६८०६३१२.२७ | | ४ | लगानी | | |
| ३ | वित्तीय हस्तान्तरण संघ | | ४२५१६५१५४ | | ऋण लगानी | ० | |
| | क)वित्तीयसमानीकरण अनुदान | १५९३७७५०० | | | शेयर लगानी | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) ससर्त अनुदान | २६५७८७६५४ | | | अन्य लगानी | ० | |
| | ग) समपूरक अनुदान | ० | | ५ | विभिन्न कोषतर्फको खर्च | | ८७१२४२७ |
| | घ) विशेष अनुदान | ० | | | क) विविध खर्च खाता | ३०९७१९१ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २४९५२९४० | | ख) प्रकोप व्यावस्थापन कोष | १९०५५४१ | |
| | क)वित्तीयसमानीकरण अनुदान | ८३६३२५० | | | ग) धरौटीफिर्ता | १४६०६८१ | |
| | ख) ससर्त अनुदान | ७६१०६९० | | | घ) विविध कोष खाता | २२४९०१४ | |
| | ग) समपुरक अनुदान | ८९७९००० | | ६ | अन्तर स्थानीय तहबाट प्राप्त खर्च | | १६७१०७०७४.९१ |
| | घ) विशेष अनुदान | ० | | | क सामाजिक सुरक्षा | ११६३५७२५५.९१ | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | १६७१०७०७४.९१ | | ख) गरिबसंग विश्वेश्वर | ४५३००० | |
| | क सामाजिक सुरक्षा | ११६३५७२५५.९१ | | | ग) एकीकृत स्वस्थ्य पूर्वाधार विकासकार्यक्रम | ५०२९६८१९ | |
| | ख) गरिबसंग विश्वेश्वर | ४५३००० | | ७ | मौज्दात | | ५१२२२३५५.८७ |
| | ग) एकीकृत स्वस्थ्य पूर्वाधार विकासकार्यक्रम | ५०२९६८१९ | | | क) सञ्चित कोष खाता | ४१४३१९८६.७८ | |
| ६ | अन्य | | २३००९५९ | | ख)चालु खर्चखाता | ० | |
| | क) क्षेत्रीय शहरी विकास योजना | ० | | | ग) पुँजिगत खर्च खाता | ० | |
| | ख) सडक बोर्ड नेपाल | २३००९५९ | | | घ) धरौटी खाता | ४८२५९४२.३९ | |
| | ग) पर्यटन बोर्ड नेपाल | ० | | | ङ) प्रकोप व्यावस्थापन कोष | ४७०५७१ | |
| | घ) एन एन एस डब्लु ए | ० | | | च) विविध खर्च खाता/कोष | १५८७६४६.७ | |
| ७ | विभिन्न कोषतर्फको आय | | १२२३०९७०.९२ | | विविध कोष खाता | २९०६२०९ | |
| | क) विविध खर्च खात | २३३८४६४.९२ | | | | | |
| | ख) प्रकोप व्यावस्थापन कोष | २३७५००० | | | | | |
| | ग) धरौटी आय | २३६२२८३ | | | | | |
| | घ) विविध कोष खाता | ५१५५२२३ | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | ० | | | | | |
| १० | जनसहभागिता (नगद) | ० | | | | | |
| ११ | दायित्व दाखिला | १९८४६२.७८ | १९८४६२.७८ | | | | |
| १२ | जम्मा विविध आय | | | | | | |
| | **जम्मा** | | **८३३६४९७५४.९५** | | **जम्मा** | | **८३३६४९७५४.९५** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.११,६३,५७,२५५।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू. ५,०२,९६,८१९।-, र गरिबसंग विश्वेश्वर कार्यक्रमको रू.४,५३,०००।- समेत रू.१६,७१,०७,०७४।- सुत्रमा लेखाङ्कन गरेको छैन । पालिकाको सम्पूर्ण आर्थिक कारोवार नसमेटेको कारण सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू.९६,१९,६४६।९२, यस वर्षको प्राप्ति रू.१७,६९,२५,१८४।६१ र यस वर्षको भुक्तानी रू.१६,७३,०५,५३७।६९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ४.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको हिसाव भिडान गरी आम्दानी खर्च र मौज्दात यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रू.९,५८,७७,७२६।- मौज्दात रहेकोमा यो वर्ष रू.९,६६,०७,४७५।- जिम्मेवारी सारेको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.७,२९,७४९।- बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातमा देहायअनुसार रू.१०,५८,४७७।६० फरक देखिन्छ । म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैकं मौज्दात बीच हिसाब मिलान गर्नु पर्दछ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रू. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रू. | फरक रू. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४१४३१९८६.७८ | ४१०१४८९३.९३ | -४१७०९२.८५ |
| चालु खर्च खाता | ० | ६४४५६९.१ | ६४४५६९.१ |
| पुँजीगत खर्च खाता | ० | ५३०२२७ | ५३०२२७ |

| | | | |
|---|---|---|---|
| विविध खर्च खाता | १५८७६४६.७ | १५८७६४६.७ | ० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४७०५७१ | ४७०५७१ | ० |
| स्थानीय तह विभाज्य कोष खाता | ० | ० | ० |
| स्थानीय तह विविध कोष खाता | २९०६२०९ | २९०६२०९ | ० |
| स्थानीय तह धरौटी खाता | ४८२५९४२.३९ | ५१२६७१६.७४ | ३००७७४.३५ |
| आन्तरिक राजस्व खाता | ० | ० | ० |
| बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| आन्तरिक अनुदान खाता | ० | ० | ० |
| **जम्मा** | **५१२२२३५५.८७** | **५२२८०८३३.४७** | |
| **कुल जम्मा** | | | **१०५८४७७.६** |

| सैद्धान्तिक बेरुजु |
|---|

४.५ **कर दायित्व -** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रू.१,९८,४६२।७८ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | १,९८,४६३ |
|---|---|

५ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र

पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेता पनी ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपणसम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पादाधिकारीहरुको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट पेश, पारित र अख्तियारी –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उप प्रमुखले मिति २०७९।०३।१० मा रू. ७५ करोड ५० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

८ **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष भैपरी चालु शीर्षकमा रू. २० लाख ८४ हजार र भैपरी पुँजीगत शीर्षकमा रू. २ करोड ९१ लाख २५ हजार अबण्डा बजेट व्यवस्था गरी चालु शीर्षकका विभिन्न ५ योजनामा रू.२० लाख ८४ हजार र पुँजीगत शीर्षकका विभिन्न ४२ योजनामा रू.२ करोड ९१ लाख १७ हजार खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **योजना प्राथमिकीकरण तथा छनौट** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा ८ वडाको लागि वडागत र पालिकास्तरका कुल ४८४ योजनामा रू. ३० करोड १९ लाख ६१ हजार वजेट विनियोजन गरेको छ ।

| विवरण | योजना संख्या | रकम रू. हजारमा |
|---|---|---|
| १ लाख भन्दा कम | ८८ | ७३५३ |
| १ लाख देखी २ लाख सम्म | ३४ | ५०६१ |
| २ लाख देखी ५ लाख सम्म | १५३ | ४३७७४ |

| | | |
|---|---|---|
| ५ लाख देखि १० लाख सम्म | १२३ | ७८१३३ |
| १० लाख भन्दा माथी | ७२ | १६७६४० |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लिखित योजना मध्ये ४७० योजनामात्र कार्यान्वयन भई १४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

**योजना छनौट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता सुनिश्चित गर्ने प्रकृया तय गरी छनौट गरेको देखिने आधार प्रस्तुत हुन सकेन ।उपलब्ध वजेट वडागत रूपमा विभाजन गरी साना साना योजनामा खर्च गरेको कारण योजनाको सँख्यात्मक वृद्धि हुन गई अनुगमन प्रभावकारीतामा असर परेको छ ।साना योजनामा पुजीगत खर्च भएको कारण दीर्घकालीन प्रभाव पर्ने योजना निर्माण तथा कार्यान्वय समेत हनु सकेको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **योजना तथा खर्च विश्लेषण -** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन्ः

**प्रगति प्रतिवेदन -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको पाइएन ।

**त्रैमासिक पुंजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | २४४१२८ | ४७२३ | २८३०३ | ७३९०२ | १३७२०० | ६९६६० |
| प्रतिशत | १०० | १.९४ | ११.५९ | ३०.२७ | ५६.२ | २८.५३ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रू. २४ करोड ४१ लाख २८ हजार पुँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.४७ लाख २३ हजार (१.९४ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.२ करोड ८३ लाख ३ हजार (११.५९ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.७ करोड ३९ लाख २ हजार (३०.२७ प्रतिशत) र चौथो त्रैमासिकमा रू.१३ करोड ७२ लाख (५६.२० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.६ करोड ९६ लाख ६० हजार (२८.५३ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

**खर्च बिश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रू. ८२ लाख ८० हजार, गत आर्थिक वर्षको मौज्दात रू.९ करोड २६ लाख ८३ हजार, राजस्व बाँडफाँटबाट रू.९ करोड ६८ लाख ६ हजार र अनुदानबाट रू.४५ करोड १ लाख १७ हजार समेत रू.६४ करोड ७८ लाख ८६ हजार आम्दानी भएकोमा चालु तर्फ रू.३६ करोड २४ लाख ७९ हजार र पुँजीगत तर्फ रू.२४ करोड ४१ लाख २८ हजार समेत रू.६० करोड ६६ लाख ७ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १. ३६ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रू. ६२ लाख ८२ हजार खर्च भएको छ जुन आन्तरिक आयको ७५.८६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ५९.७५ प्रतिशत चालु र ४०.२५ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी आन्तरिक आयभन्दा अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

**क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्र समेटिने गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| क्र.सं. | क्षेत्र | बजेट रकम रू. | खर्च रकम रू. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७३२६८४३३ | ५७०५६४१७ | ९.४१ |
| २ | पूर्वाधार विकास | १७३७६२००० | १३७८८१९१५ | २२.७३ |
| ३ | सामाजिक विकास | ३२६०७४००० | २९५०१७८१ | ४८.६३ |
| ४ | वातावरण तथा विकास | १२३९१०० | ८२५६१६२ | १.३६ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ११६५९००० | ९८८७६८० | १.६३ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १२५७५४१३५ | ९८५०५९४१ | १६.२४ |
| **जम्मा** | | **७११७५६६६८** | **६०६६०७८९६** | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४८. ६३ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटीमा १.३६ प्रतिशत रहेको छ । अतः पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **रकमान्तर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पुँजीगत शीर्षकमा रू.६ करोड १६ लाख १० हजार र चालु शीर्षकमा रू.४२ लाख ७२ हजार रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेटको तुलनामा ९.११ प्रतिशत हुन्छ । आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

सैद्धान्तिक बेरुजु

१२ **गत विगतको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरी बजेट तयार गर्ने व्यवस्था छ । पालिकाले गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रू.२१,२२,३५२।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **आन्तरिक नियन्त्रण प्रणाली**

१३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सबल रहेकोमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्ः

**बजेट व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेता पनी कार्यक्रम सञ्चालन गर्दा सोको पालना नगरेको,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो विकास योजना (२०१५-३०)लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दीर्घकालीन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन नगरेको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापन तर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको,

• गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका अध्यक्षले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिनसम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्नेमा सो अनुसार गर्ने नगरेको ।

**खरिद व्यवस्थापन तर्फ**

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार गरेको छैन,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्यांकन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

**शिक्षा तर्फ**

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

**विविध तर्फ**

• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

•कतिपय गोश्वरा भौचर लगायतका कागजातहरु कार्यालय प्रमुखबाट प्रमाणित भएको पाईएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फारम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको ,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेस्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार असुल फर्स्योट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) बमोजिम सबै कर्मचारीहरुको कार्य विवरण बनाई लागू नगरेको,

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,

अतः बजेट, आमदानी, खर्च र सेवा प्रवाह सम्बन्धमा रहेका जोखिम नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३.२ **सूचना प्रविधी पद्दति -** पालिका अन्तर्गत प्रयोग भएका सफ्टवेयरहरुको सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा परीक्षण गर्दा देहायअनुसारको अवस्था देखियोः

• सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नदेखिएको र कार्यालयको नियन्त्रणमा रहेको पाइएन।

• म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धि सफ्टवेयर म्यानुअल कार्यान्वयन गरेको पाइएन ।

• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन ।

• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन ।

सैद्धान्तिक बेरुजु

१४ **जिन्सी व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा पूर्ण रुपमा प्रविष्टी गरेको पाइएन । कार्यालयले वडागत तथा शाखागतरुपमा सामान खरिद गर्दा प्रणाली मार्फत दाखिला गरेको पाइएन ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्बन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धीत निकायहरुमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा गाउँपालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख खडा नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरु एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **सेवा प्रवाह विश्लेषण -** पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तीय जोखिम मुल्याङ्कनमा यस पालिकाले आ.व. २०७८।७९ मा ७०.७५ प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले आ.व. २०७८।७९ मा ६८ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले क्षमता स्वमुल्याङ्कनका क्रममा भौतिक पूर्वाधार, सामाजिक समावेशिकरण, वातावरण संरक्षण र विपद् व्यवस्थापन र सहकार्य र समन्वय लगायतका विषय क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ । साथै जोखिम मुल्याङ्कनको क्रममा पत्ता लागेका अनुगमन, मुल्याङ्कन तथा लेखापरीक्षण विषय क्षेत्रमा भएको जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **सेवा प्रवाहको अवस्था -** कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवा ग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ पञ्जिकरण दर्ता ३३४८, नागरिकता सिफारिस १७१८, घरबाटो सिफारिस ३७३, नाता प्रमाणित ६५७, अन्य सिफारिस ४४८९ लयागतका सिफारिस तथा सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **कानुन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, १ वटा नियमावली, २७ वटा कार्यविधि तथा ४ वटा निर्देशिका लगायत ३९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवस्यक कानुनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **न्यायीक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ वटा विवादहरु ३ महिना अवधि नाघेकोले तामेलीमा राखेको र यो बर्ष दर्ता भएका १८ विवाद गरी कुल २२ वटा विवाद मध्ये २० वटा फस्यौंट भई म्याद गुजार्ने प्रयास गर्ने, प्रतिवादी समयमा उपस्थित हुन नखोज्ने लगायतका कारणले २ वटा विवाद फस्यौंट हुन बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीहरुको रू.१,६४,८१,८९५।-, शिक्षातर्फका शिक्षकहरुको रू.११,८७,६१,६७१।- र पालिकाका कर्मचारीहरुको रू.२,१३,७९,९४५।- समेत रू.१५,६६,२३,५११।- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **संगठन तथा व्यवस्थापन सर्वेक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष परामर्शदाता समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर मार्फत रू. ४९७२००/- मा संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरी सोहि अनुसारको दरबन्दी मिति २०७९।१२।१३ मा विशेष गाउँसभाबाट स्वीकृत गरेकोमा ऐनमा तोकिए अनुसार खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता गरेको पाइएन । स्थानीय सेवा सञ्चालनसम्बन्धी ऐनमा तोकिए अनुसार खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता गरेर मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कर्मचारी दरबन्दी स्वीकृत गराउनुपर्दछ । पालिकाले अध्ययन कार्य गराउँदा कार्यालयको जनशक्ति प्रयोग नगर्नाको कारण खुलाएको पाइएन साथै खर्चको लागत अनुमान तथा कार्य क्षेत्रगत सर्त समेत तयार नगरी स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।

**प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ४९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत १, कृषि अधिकृत १, पशु अधिकृत १, सव ईन्जिनियर २, प्रशासन सहायक पाँचौ १ सहित विभिन्न १३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२१ **करार कर्मचारी व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ३९ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रू.१,५२,५१,६०३।- खर्च लेखेको छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) बमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक सामाजिक परिचालक ७, अमिन १, सहायक कम्प्युटर अपरेटर १, रा. प. अनं. तृतीय (मुखिया) ३ लगायत १२ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत पारीश्रमिक शीर्षकबाट रू.४४,२५,७८२।- भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ४४,२५,७८२ |

२२ **कर्मचारी कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण , औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण

कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन । पालिकाले कर्मचारी कल्याण कोष कार्यविधि, २०७९ तयार गरी उक्त कार्यविधिको दफा ३ (२) मा पहिलो वर्ष गाउँपालिकामा हालसम्म कर्मचारी कल्याणकोष शीर्षकमा विनियोजित रकम जम्मा गरिने प्रावधान अनुसार यस वर्ष गाउँपालिका चालु शीर्षकबाट उक्त कोषमा रू.१५,००,०००।- ट्रान्सफर गरेको पाइयो । पालिकाले एकमुष्ठ रकम कोषमा जम्मा गरे तापनि कर्मचारीबाट कट्टा गर्नु पर्ने रकम कट्टा गरेको देखिएन । साथै जम्मा गरेको रकम परिचालन गरी कोष बृद्धि गर्न सो रकमको परीचालन सम्बन्धी व्यवस्था गरेको देखिएन । कर्मचारी कल्याण कोषमा ऐन अनुसार कर्मचारीको समेत योगदान हुने व्यवस्था गरी कोष परिचालन सम्वन्धी व्यवस्था समेत मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । यस वर्ष पालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरी विपद् क्षती न्यूनिकरण गर्न विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रू.१४,३५,७७८।- राहत स्वरुप आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.८२ लाख ८० हजारको १७.३४ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **अनुत्पादक खर्च -** स्थानीय तहले पुँजी सृजना नहुने खालका वितरणमुखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका वितरणमुखी कार्यक्रमहरु जस्तै विभिन्न खेलकुद विकास कार्यक्रम सञ्चालनमा रू.१८,६०,५१५।-, धार्मिक तथा साँस्कृतिक प्रवर्द्धन, जनजाती संरक्षण अन्तर्गत आर्थिक सहयोग बापत रू.१२,७१,९३३।-, जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत दोसल्ला, खादा, टोपी, छाता वितरण तथा खाना खाजा खर्चमा रू. ९२४२२८।-, विभिन्न दिवस मनाउने कार्यक्रममा खाना, खाजा, ब्यानर लगायतमा रू.३,२०,०००।-, शैक्षिक सामग्री, फिल्टर, रातो भाले, प्यान, साउण्ड सिस्टम, ड्रेस लगायतका सामग्री वितरणमा रू.७,१९,७२९।- समेत रू.५०,९६,४०५।- खर्च लेखेको छ जुन पालिकाको कुल आन्तरिक आय रू.८२ लाख ८० हजारको ६१.५५ प्रतिशत हुन आउँछ । पालिकाको आन्तरिक आयले प्रशासनिक खर्च समेत व्यहोर्न नसकिएको अवस्थामा पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण तथा निरुत्साहित गर्नुपर्दछ । साथै वर्षेनी पालिकाले विभिन्न सामग्रीहरु वितरण गरेको अवस्थामा पालिकाले यस प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा क्लब, संस्था, महासंघ लगायतका संस्थाहरुलाई विभिन्न कार्यक्रम अन्तर्गत सामग्री अनुदान दिँदा लगत राखी दोहरो भए नभएको यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **सभा सञ्चालन खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष गाउँ सभा सञ्चालनमा भत्ता वितरण रू.१,९६,०००।-बाहेक खाना, खाजा, चिया, नास्ता,कोठा भाडा, ब्याग, रेनकोट खरिद लगायतको भुक्तानीमा रू.१०,८३,९१७।- खर्च गरेको छ । पालिकाले सभा सञ्चालन पूर्व र पश्चात भनि विभिन्न शीर्षकबाट अत्याधिक मात्रामा विविध खर्च गरेको पाइयो । यस्तो खर्चमा मित्व्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सार्वजनिक खरिदलाई खुला र प्रतिस्पर्धी बनाउनु पर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले यो वर्ष विभिन्न मर्मत तथा निर्माण कार्यका लागि कोटेशन माग गरी खरिद गरेको देखियो । स्वीकृत लागत अनुमानको तुलनामा न्यून घटि दर पेश भई सोही अनुसार स्वीकृती र सम्झौता भएको देखियो । प्रतिस्पर्धा सीमित नहुने तथा मितव्ययी र गुणस्तरीय समेत हुने गरी योजनाहरुको प्याकेजिङ गर्ने, सूचना प्रकाशनको लागि उपयुक्त माध्यम छनोट गर्ने तथा अधिक प्रतिस्पर्धा हुने प्रकृतिका खरिद विधि छनौट गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । (केही उदाहरण)

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२७ **खरिद कारवाहीको अभिलेख -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नु पर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ । पालिकाले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । खरिद तथा योजनाहरुमा हुनसक्ने दोहोरोपना नियन्त्रण गर्नका लागि नियमावलीको व्यवस्था बमोजिम कागजात संलग्न राखि अभिलेख तयार गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **अनुदान फिर्ता -** पालिलकालाई यो वर्ष ७० र ३० को अनुपातमा खर्च हुनेगरी धमिलेखोला मुहान गरी सिसिमे खानेपानी योजनाको लागि प्रदेश समपुरक अनुदान रू.१,००,००,०००।- विनियोजन भएकोमा रू.९०,००,०००।- निकासा भएको छ । सोमध्ये रू.२१,०००।- अनुदान फिर्ता भएको देखिन्छ । कार्यालयले उक्त योजनामा देहाय अनुसार रू.१,१७,३०,८७४।- र कन्टेजेन्सी रू.४,१५,०७५।- समेत रू.१,२१,४५,९४९।- खर्च गरेकोले ७० प्रतिशतको हिसावले प्रदेश समपुरक तर्फ रू.८५,०२,१६४।- मात्र खर्च लेखी रू.४,९७,८३६।- अनुदान फिर्ता गर्नु पर्नेमा रू.२१,०००।- मात्र फिर्ता गरेकोले रू.४,७६,८३६।- फिर्ता गर्न बाँकी देखियो । उक्त रकम प्रदेश सञ्चितकोष फिर्ता गर्नु पर्दछ रू.

| खरिद विवरण | लागत अनुमान | सम्झौता रकम | खर्च |
|---|---|---|---|
| ठेक्का नं. ५।७९।८० | १८३१२४८९ | ८९४७६७८ | ८८७८५९७ |
| ठेक्का नं. ४।७९।८० | १९३०३२० | १८९८११२ | १८९२८०२ |
| सोझै खरिद कोटेशन | ९६५६४६ | ९६१६५१ | ९५९४७५ |
| **जम्मा** | **२१२०८४५५** | **११८०७४४१** | **११७३०८७४** |

| असुल गर्नुपर्ने | ४,९७,८३६ |
|---|---|

२९ **सम्झौता कार्यान्वयन -** धमिलेखोला मुहान गरी सिमसिमे खानेपानी योजना (ठेक्का नं. ५।७९।८०) को निर्माण व्यवसायी सी एन एन कन्सल्ट प्रा.लि.सँग भएको सम्झौताको सिं. नं. ७१.१ मा निर्माण व्यवसायीले मेन्टेनेन्स म्यानुअल र सिं. नं. ७१.१ मा एजविल्ट ड्रईङ पेश गर्नु पर्ने व्यवस्था छ। गिट्टी, फलामको छड, क्युव लगायतका निर्माण समग्रीको गुणस्तर परीक्षण गराएको कागजात समेत लेखापरीक्षणको लागि पेश हुन आएन । सो नगरेमा निर्माण व्यवसायीबाट

कट्टा गरिने रकम सम्झौतामा उल्लेख गरेको देखिएन । निर्माण व्यवसायीलाई सम्झौतामा उल्लिखित कागजात पेश गर्न पत्राचार गरी तोकिएका कागजात पेश नगरेमा अन्य प्राविधिकबाट तयार गराई लाग्ने रकम निर्माण व्यवसायीबाट असुल गर्न निजको धरौटी तथा कार्यसम्पादन जमानत समेत दाबी गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३० पेस्की व्यवस्थापन

३०.१ **म्याद नाघेको पेस्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रू.३८,७२,६६५।- बाँकी रहेको देखिन्छ। उक्त पेस्की नियमानुसार फस्यौंट गर्नुपर्ने रू.

| क्र.सं. | मिति | पेस्की लिनेको नाम | कार्यक्रम | पेस्की रकम | म्याद नाघेको पेस्की |
|---|---|---|---|---|---|
| १ | ०८/१५/२०७९ | चक्रपाणी भट्टराई | प्र अ शैक्षिक भ्रमण | ४००००० | ४००००० |
| २ | ११/१७/२०७९ | चक्रपाणी भट्टराई | राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता (ससर्तसँग साझेदारी) | ४००००० | ४००००० |
| ३ | १२/२७/२०७९ | चक्रपाणी भट्टराई | कक्षा ८ र कक्षा ५ को परीक्षा सञ्चालन तथा प्रमाणिकरण | ५५०००० | ५५०००० |
| ४ | ०२/१९/२०८० | बबिन राई | स्थानीय पाठ्यक्रम निर्माण | ७००००० | ७००००० |
| ५ | ०३/२४/२०८० | बबिन राई | वार्षिक क्यालेन्डर निर्माण वितरण | १००००० | १००००० |
| ६ | ०३/२४/२०८० | बबिन राई | स्थानीय पाठ्यक्रम निर्माण | ७००००० | ७००००० |
| **जम्मा** | | | | **२८५००००** | **२८५००००** |

..................... ***(प्रारम्भिक प्रतिवेदन उपर पेस्की फस्यौंट गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.१०,२२,६६५।- को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)***

| पेस्की | २८,५०,००० |
|---|---|

३०.२ **म्याद ननाघेको पेस्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेस्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न कार्यका लागी देहायबमोजिमका निर्माण व्यवसायीलाई रू.३,९१,३८,०००।- पेस्की दिएको छ । पेस्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेस्कीको समेत एकीकृत हिसाव कायम गर्नुपर्दछ ।

| क्र. सं. | मिति | पेस्की लिनेको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | ११/२५/२०७९ | नबरंग कन्स्ट्रक्सन | हुलाक भन्ज्याङ्ग देउराली मुर्मे जोरढुंगा वरटार सडक निर्माण तथा मर्मत | १९५००० |
| २ | ११/२५/२०७९ | नबरंग कन्स्ट्रक्सन | आहाले थाक्ले वस्तिपुर सडक स्तरउन्नती | १५०००० |
| ३ | ०१/१९/२०८० | नबरंग कन्स्ट्रक्सन | थाक्ले दमाईडाँडा हुँदै हात्तीखर्क वरटार जोड्ने सडक नयाँ निर्माण | १५०००० |
| ४ | ०१/२८/२०८० | नबरंग कन्स्ट्रक्सन | पसलटार आहाले हुलाक भञ्याङ्ग बुढाबुढी सडक स्तरउन्नती | १९५००० |
| ५ | ०२/०४/२०८० | जागेश्वर कन्ट्रक्सन | नेपालटार कभर्डहल निर्माण | १२४९००० |
| ६ | ०२/२२/२०८० | जागेश्वर कन्ट्रक्सन | नेपालटार कभर्डहल निर्माण | १२४९००० |
| ७ | ०३/२४/२०८० | गलान ईन्फ्राटेक सर्वेइङ्ग एण्ड इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि. | तावाश्री स्वास्थ्य चौकी भवन निर्माण | १५५०००० |
| ८ | | अनक धुकुधु जे.भी. | एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ३४४००००० |
| **जम्मा** | | | | **३९१३८०००** |

सैद्धान्तिक बेरुजु

३०.३ **गत विगतको पेस्की** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५३ मा तोकिएको समयमा पेस्की फस्यौंट नगरेका कर्मचारी वा अन्य व्यक्तिको फस्यौंट गर्न बाँकी पेस्कीको विवरण हरेक महिना समाप्त भएको ३ दिनभित्र कार्यालय प्रमुख समक्ष पेश गरी ढिलो फस्यौंट गरिएका पेस्की फस्यौंट गर्न तोकिए बमोजिम ताकेता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको गत विगतको पेस्की रकम रू.२४,२०,७५०।- लेखापरीक्षण अवधिसम्म फस्यौंट नगरेको र ताकेता समेत भए गरेको देखिएन । पालिकाले नियमावलीको पालना गरी गत विगतको पेस्की रकम फस्यौंट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवस्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कार्वाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने

व्यवस्था छ । यस पालिकाले यो वर्षको खर्च तथा आम्दानीका कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन। कार्यालयमा भएको आन्तरिक लेखापरीक्षकको तलव भत्तासमेत सरुवा भएको कार्यालयबाट खाने गरी काज सरुवा भएको कारण आन्तरिक लेखापरीक्षण हुन नसकेको र आन्तरिक लेखापरीक्षकको पदपूर्तिमा समेत समस्या भएको कार्यालयले छलफलमा जानकारी दिएको छ । कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । दरबन्दीको कर्मचारीलाई काममा समस्या हुने गरी एक वर्षमा तीन महिनाभन्दा बढी काज खटाउन नपाईने निजामती सेवा ऐन, २०४९ को दफा १८ विपरित काज खटाउने प्रवृत्तिमा सुधार गर्न सम्बन्धित मन्त्रालयले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्कसम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **वार्षिक खरिद गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.२४ करोड ४१ लाख ८१ हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **सामाजिक तथा सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रथम तथा दोस्रो चौमासिकमा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गरेको भएता पनि अन्तिम चौमासिकमा उक्त कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **सहकारी नियमन -** उदयपुरगढी गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ७४ अनुसार सहकारी दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र सहकारी संस्थाको निरीक्षण गरी सञ्चालनमा रहेको संस्थाहरुको विवरण, अनुगमन गरेको सहकारी संस्थाको संख्या, आर्थिक कारोबारको विवरण, सहकारी कानुन पालनाको अवस्था, सहकारीमा सदस्यको सहभागिता तथा सदस्यले सहकारीबाट प्राप्त गरेका सुविधा लगायतका व्यहोराहरु खुलाई वार्षिक प्रतिवेदन पालिका समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। । यस पालिकाबाट उपलब्ध विवरण अनुसार पालिकाभित्र कुल २४ सहकारी संस्था दर्ता रहेकोमा पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट उक्त सहकारी संस्थाहरुको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । सहकारी अनुगमनको अभावमा सहकारीको यथार्थ अवस्थाको वारेमा विश्लेषण गरी आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्रभावकारी निरीक्षण तथा अनुगमनको अभावमा सर्वसाधारणको सामान्य बचत सुरक्षित रहन नसक्ने अवस्था समेतलाई ध्यान दिई पालिकाले ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३६ **अक्षयकोष अनुदान -** पालिकाले अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा प्रदान गर्न सञ्चालनमा रहेका बालबालिका अक्षय कोष वा नया स्थापना हुने कोषलाई नियमन गरी सामाजिक सुरक्षा आवश्यक देखिएका अनाथ तथा जोखिमयुक्त बालबालिका पहिचान गरी नगद प्रवाह गर्ने उद्देश्यले अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ तयार गरी लागु गरेको छ । उक्त कार्यविधिको परिच्छेद ५ मा सञ्चालनमा रहेको बालबालिका अक्षय कोषहरुले सञ्चालन गरेका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन जेष्ठ महिनामा तयार गरी कार्यपालिकाको सामाजिक विकास समितिमा पेश गर्नु पर्ने र कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्न सामाजिक शाखा का समितिको सदस्यहरुले अनुगमन टोली बनाई प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले यस वर्ष उक्त व्यवस्थाको पालना नगरी विभिन्न अक्षय कोषहरुलाई रू.३,५०,०००।- अनुदान उपलब्ध गराएको छ। अतः उपलब्ध गराएको अनुदानको ऐन बमोजिम समुचित उपयोग भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गरी सोको प्रतिवेदन संलग्न गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३७ **बिउ पुँजी अनुदान -** पालिकाले टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि, संस्थागत विकास र बिउ पुँजी परिचालन गर्न टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७६ तर्जुमा गरी कार्यान्वयन गरेको छ । उक्त कार्यविधिको दफा ५ (ग) र (घ) मा आधारभूत तालिममा सहभागी भई बैंक खाता खोलेका नयाँ टोल विकास संस्थाहरुलाई बचत तथा ऋण परिचालन गर्न रू.२५,०००।- बिउ पुँजी स्वरुप उपलब्ध गराउने र उक्त रकम टोल विकास संस्थाहरुले सदस्यहरुको आयआर्जनको काममा घुम्तिकोषको रुपमा गाउँपालिकासँगको सम्झौता अनुसार लगानी गर्न सक्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष ८ वटा टोल विकास संस्थालाई रू. २५ हजारका दरले रू.२,००,०००।-बिउ पुँजी स्वरुप अनुदान उपलब्ध गराएकोमा सोको समुचित उपयोग भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गरी सोको प्रतिवेदन संलग्न गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३८ **अन्य निकायको खर्च -** पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। पालिकाले कार्यपालिका निर्णय गरी आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको उदयपुर जिल्ला अस्पताललाई रू.६५,५४०।- को ए.सी. सेट, जिल्ला प्रशासन कार्यालयलाई रू.१९,८७२।- को स्टेशनरी, जिल्ला समन्वय समितिको कार्यालयलाई रू.२,२८,७८९।- को सवारी साधन मर्मत, मालपोत कार्यालयलाई रू.३०,०००।-को इन्भर्टर लगायतका सामग्री खरिद गरी उपलव्ध गराएको देखियो । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माणसम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । बजेट व्यवस्था भई सञ्चालित कार्यालयहरुको खर्च पालिकाले समेत गर्दा खर्चमा दोहोरोपन भए नभएको यकिन गर्न सकिएन। अन्य सरकारी कार्यालयहरुको खर्च ति तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर बजेटमै व्यवस्था गरी पालिकाबाट खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **फोहोरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **कर्मचारीलाई सोधभर्ना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुनेगरी खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चिस हजार रुपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी वडागत खर्चहरुको श्रेस्ता परीक्षण गर्दा सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा एकाउण्टपेयू चेक मार्फत भुक्तानी दिनुपर्नेमा वडाका सचिव लगायतका कर्मचारीहरुले सामान खरिदबापतको रकम स्वयंले नै भुक्तानी लिने गरेको पाइयो । साथै भुक्तानी लिने पदाधिकारी तथा कर्मचारीहरुले आपूर्तकलाई रकम बुझाएको भरपाईहरु समेत संलग्न राखेको पाइएन । अनुगमन तथा नियन्त्रण गर्नुपर्ने व्यक्तिले स्वयं भुक्तानी लिनाले एकतर्फ खरिद कार्यमा प्रतिस्पर्धा सिमित हुन पुगेको छ भने अर्को तर्फ ति व्यक्तिहरुले नै भुक्तानी लिनुपर्ने स्पष्ट कारण देखिदैन। साथै यसरी खरिद गरेका सामानहरु पालिकाको मूल जिन्सीमा समेत दाखिला नभई सम्बन्धित वडामा मात्र दाखिला हुने गरेको देखियो । तसर्थ पालिकाले ऐन तथा नियमावलीको व्यवस्था बमोजिम एकाउण्टपेयी चेक मार्फत सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **मसलन्द तथा कार्यालय सामग्री खरिद -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी मार्गदर्शन, २०७७ को मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा रू.४२,२०,९७६।- र वडाको मसलन्द तथा कार्यालय सामग्री खर्च शीर्षकमा रू.१७,६२,६८३।- समेत मसलन्द खरिदमा कुल रू.५९,८३,६५९।- खर्च गरेको छ । कार्यालयलाई वर्ष भरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद

योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ। पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४२ **इन्धन खर्चको मापदण्ड -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष कार्यालय प्रयोजनार्थ रू.२९,०३,३५९।- इन्धन खर्च गरेको छ । पालिकाले उदयपुरगढी गाउँपालिका कार्यसञ्चालन निर्देशिका, २०७९ तयार गरी लागु गरेको छ । उक्त निर्देशिकामा कर्मचारीको हकमा इन्धन कोटा निर्धारण गरेता पनी पदाधिकारीहरुको हकमा इन्धन कोटा निर्धारण गरेको पाइएन। पालिकाले इन्धन खर्चलाई नियन्त्रण गर्न इन्धन व्यवस्थापन सफ्टवेयर सञ्चालनमा ल्याएकोमा कतिपय कुपन भौचर परीक्षण गर्दा म्यानुअल कुपनबाट इन्धन खर्च लेखेको पाइयो । नमुना आधरमा भौचर छनौट गरी भौ नं. ४१९ मा भएको जेष्ठ महिनाको इन्धन खर्च रू.२,९१,०६७।- को खर्च परीक्षण गर्दा पालिकाले निर्णय बेगर गाडी नं. २८०१ लाई सो महिनामा २४७ लिटर डिजल, गाडी नं. ३८७० लाई सो महिनामा २१८ लिटर डिजल र अफिस प्रयोजनलाई भनी सो महिनामा २३० लिटर डिजलको कुपन काटेको पाइयो । साथै कतीपय कर्मचारिहरुलाई निर्धारण गरेको कोटा १० लिटर भन्दा बढी १५ देखि २० लिटर सम्म इन्धन खर्च लेखेको पाइयो । साथै पालिकाले लग बुक अद्यावधिक राखेको पाइएन । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन पदाधिकारीको समेत इन्धन कोटा निर्धारण गरी, पूर्णरुपमा सफ्टवेयर मार्फत कुपन वितरण गर्नाका साथै मापदण्डको कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिएको छ।

सैद्धान्तिक बेरुजु

४३ **सवारी मर्मत खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मतमा रू.२१,५९,८०२।- खर्च गरेकोमा अधिकांश सवारी साधन मर्मत गर्दा लागत अनुमान तयार गर्नेनगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत तथा संरक्षण अभिलेख खाता राखेको पाइएन । तसर्थ नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **सवारी मर्मत सम्झौता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा मर्मत केन्द्र निर्धारण भएको सार्वजनिक निकायले मर्मत कार्य अभिलेख फारममा (जब कार्ड) रेकर्ड राखी मर्मत पश्चात लगत स्वीकृत गरी मर्मत सम्भार गराउन सकिने उल्लेख छ । सोही नियमावलीको नियम ९५ मा सेवा करारमा लिनु पर्दा रू.पाँच लाख रुपैयाँ सम्म सेवा शुल्क लाग्ने सेवा सोझै वार्ता मार्फत खरिद गर्न सकिने र सो भन्दा बढी सेवा शुल्क लाग्ने सेवाको हकमा १५ दिने सुचना प्रकाशन गरी प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था रेहेको छ । पालिकाले कार्यालयमा रहेको विभिन्न सवारी

साधन मर्मत गर्न श्री ज्वाला अटो पार्टस एण्ड सर्भिस सेन्टरसँग सोझै सम्झौता गरेको पाइयो ।पालिकाले उक्त सम्झौता बमोजिम यस वर्ष विभिन्न सवारी साधन मर्मतबापत उक्त सर्भिस सेन्टरलाई रू.१९,४७,७६३।- भुक्तानी गरेको छ । उक्त बिल रकम भुक्तानी गर्दा के कुन गाडी वा मोटरसाईकल मर्मत गरेको हो सो को स्पष्ट अभिलेख देखिने गरी जब कार्ड राखेको पाइएन जस्ले गर्दा उक्त खर्चको वास्तविकता यकिन हुन सकेन । साथै पालिकाले नियमावलीको व्यवस्था अनुसार ५ लाख भन्दा बढी सेवा शुल्क लाग्ने खरिद गर्दा १५ दिने सुचना मार्फत सेवा प्रदायक छनौट गर्नुपर्नेमा सम्भावित लागत समेत तयार नगरी सोझै वार्ताबाट सेवा प्रदायकसँग सम्झौता गरेको उपयुक्त देखिएन। तसर्थ पालिकाले नियमावलीको व्यवस्था बमोजिम खर्चलाई प्रमाणित गर्ने रेकर्ड राखेरमात्र खर्च लेख्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४५ **भ्रमण खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले देहायका पदाधिकारीहरुलाई निम्नानुसार भ्रमण खर्च भुक्तानी गर्दा कार्यपालिका बैठकमा उपस्थित भएकै मितिमा समेत भ्रमण खर्च भुक्तानी दिएको पाइयो । साथै पालिकाले भ्रमण खर्च भुक्तानी भएको अवस्थामा होटलबास खर्च समेत भुक्तानी गरेको देखियो । पालिकाले यसरी खर्च लेख्न नमिल्ने रकम समेत भुक्तानी दिएकोले उक्त रकम भुक्तानी दिने व्यक्तिलाई समेत जिम्मेवार बनाई असुल गर्नुपर्ने रू.

| पदाधिकारीको नाम | कार्यपालिका बैठक मिति | भ्रमण अवधि | भ्रमण स्थान | भुक्तानी रकम |
|---|---|---|---|---|
| मान बहादुर केप्छाकी मगर | ४।१९ | ४।१८ - ४।२४ | काठमाण्डौ | १४४०० |
| मान बहादुर केप्छाकी मगर | ७।१५ | ७।१४ - ७।२० | काठमाण्डौ | १०००० |
| मान बहादुर केप्छाकी मगर | ८।२० | ८।१९ - ८।२५ | विराटनगर | १०००० |
| दिल बहादुर राना | ११।१४ | ११।१० - ११।१६ | गाईघाट | ८५०० |
| दिल बहादुर राना | १०।२३ | १०।२२ - १०।२८ | गाईघाट | ८५०० |
| **जम्मा** | | | | **५१४००** |

| असुल गर्नुपर्ने | ५१,४०० |
|---|---|

४६ **अवलोकन भ्रमण -** गाउँपालिका र वडा कार्यालयका कर्मचारी तथा जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धिको लागि अध्ययन अवलोकन भ्रमणको लागि आर्थिक वर्ष २०७८।७९ को वार्षिक योजना तथा कार्यक्रममै बजेट व्यवस्था गरी यो वर्ष वडा कार्यालय तथा गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधिहरुले विभिन्न धार्मिक तथा पर्यटकिय स्थलहरुको अध्ययन अवलोकन भ्रमण गरी रू.८,६९,५००।- खर्च लेखेको छ । यसरी स्वीकृत बजेटबाट भ्रमण गर्दा भ्रमणको उद्देश्य कार्यालयको कार्य सम्पादनसँग सम्बन्धित नभई धार्मिक र मनोरञ्जनात्मक मात्र देखिएकोले यस्ता भ्रमणलाई कार्यालयको कार्य सम्पादनसँग सम्बन्धित बनाई अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

| भौ नं. | भ्रमण विवरण | खर्च रकम |
|---|---|---|
| ३४२ | आर्थिक विकास समितिको अवलोकन भ्रमण | ३५०००० |

| | | |
|---|---|---|
| ५६५ | सहकारी भ्रमण | २७०००० |
| ४४५ | तिर्थयात्रा भ्रमण | २४९५०० |

सैद्धान्तिक बेरुजु

४७ **कार्यक्रम अनुगमन** - कार्य सञ्चालन निर्देशिका, २०७७ मा कार्यक्रम अनुगमन टोली आवश्यक परी खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउन सकिने र यसरी कर्मचारी खटाउँदा बढीमा ३ जना सम्म खटाउन सकिने व्यवस्था रहेको छ । पालिकाले वडागत तथा शाखागत रुपमा सञ्चालन गरेको विभिन्न कार्यक्रमहरुको खर्च परीक्षण गर्दा अधिकांश कार्यक्रमहरुमा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई निर्देशिकामा व्यवस्था भएको भन्दा बढी संख्यामा अनुगमनकर्ता नियुक्त गरी अनुगमन भत्ता वितरण गरेको देखियो । उक्त अनुगमनकर्ताहरुले कार्यक्रम अनुगमन पश्चात कुनै प्रकारको प्रतिवेदन अथवा सुझाव उपलब्ध गराएको देखिएन । अतः पालिकाले निर्देशिकामा भएको व्यवस्था अनुरुप कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारीहरुलाई आवश्यक्ताको आधारमा मात्र अनुगमनकर्ता नियुक्त गरी खर्च लेख्नुपर्दछ ।

| भौ नं. | कार्यक्रम सञ्चालक | कार्यक्रम | भुक्तानी रकम | अनुगमन खर्च |
|---|---|---|---|---|
| ८३ | मुकेश कुमार चौरासिया | विश्व रेबिज दिवस कार्यक्रम | १११००० | १८००० |
| १०७ | नविता कुमारी निरौला | जेष्ठ नागरिक दिवस कार्यक्रम | ५०००० | ७००० |
| १९१ | राजन पोखरेल | जलवायु परिवर्तनसम्बन्धी अनुशिक्षण | १५०००० | १४००० |
| ४९० | सरोज दनुवार | टोल विकास गठन तालिम | ९९०७० | ५००० |
| ५६७ | गुण राज श्रेष्ठ | व्यवसायीक तरकारी खेती तालिम | १२५००० | ८००० |
| ५६८ | गुण राज श्रेष्ठ | व्यवसायीक पशुपंक्षी पालन तालिम | १२५००० | १२००० |
| ५७० | गुण राज श्रेष्ठ | टोल विकास संस्था तालिम | ६०००० | १०००० |
| ५७८ | राजन पोखरेल | बालमैत्री वडा घोषणा तयारी | २००००० | १८००० |
| ५७९ | बुद्धिमान राई | बालमैत्री वडा घोषणा कार्यक्रम | ५९०००० | ९५००० |
| ५८१ | राजन पोखरेल | कृषि खेतिसम्बन्धी तालिम | १५०००० | १३००० |
| ५८१ | राजन पोखरेल | समविकास क्षमता अभिवृद्धि कार्यक्रम | १५०००० | १६००० |
| ५८३ | गुण राज श्रेष्ठ | घरेलु हिंसा न्यूनिकरण कार्यक्रम | १००००० | १४००० |
| ५८४ | गुण राज श्रेष्ठ | वालविवाह न्यूनिकरण अनुशिक्षण कार्यक्रम | १००००० | १४००० |
| ५८४ | गुण राज श्रेष्ठ | स्वास्थ्यसम्बन्धी अनुशिक्षण कार्यक्रम | १२०००० | १३००० |
| ५९३ | नविता कुमारी निरौला | दलित अधिकारसम्बन्धी अनुशिक्षण कार्यक्रम | २५४३०० | २९००० |

| | | | | |
|---|---|---|---|---|
| ६०५ | दिपक पाण्डे | खेलकुद कार्यक्रम | २००००० | ६००० |
| ६२५ | दिपक पाण्डे | कृषि तथा पशु विकास कार्यक्रम | २००००० | १०००० |
| **जम्मा** | | | | **३०२०००** |

सैद्धान्तिक बेरुजु

४८ **आमन्त्रित सदस्य -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले खर्च गर्दा मितव्ययी भई गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न समिति तथा उपसमितिहरुको बैठकमा समिति तथा उपसमितिका सदस्यहरु बाहेक आमन्त्रित सदस्यहरुको संख्या १० देखि १२ जना सम्म राखेको पाइयो । यसरी ठुलो संख्यामा आमन्त्रित सदस्य राखी भत्ता दिन मिल्ने व्यवस्था नरहेकोले पालिकाले यस प्रकृतिको खर्च नियन्त्रण गर्दै खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **पदाधिकारी चाडपर्व खर्च -** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ (४) मा स्थानीय तहको आन्तरिक राजस्व र आम्दानीलाई विचार गरी गाउँपालिकाका सदस्यहरुले रू. १० हजार नबढ्ने गरी सभाले स्वीकृत बजेटको सीमा भित्र रहि कार्यपालिकाले निर्णय गरे बमोजिम चाडपर्व खर्च पाइने उल्लेख छ । पालिकाले यस वर्ष गाउँपालिका सदस्यहरुलाई चाडपर्व खर्च बापत जनही रू.१० हजारका दरले चाडपर्व बापत रू.४,४०,०००।- खर्च लेखेकोमा पालिकाले सोको कार्यपालिका निर्णय गरेको पाइएन । साथै आन्तरिक आम्दानी न्यून रहेको यस पालिकाले सो खर्च राजस्व बाँडफाँट शीर्षकबाट प्राप्त रकमबाट खर्च लेखेको पाइयो । पालिकाले आन्तरिक आयको परिधीमा रही कानुनमा व्यवस्था भए बमोजिम पदाधिकारी सुविधामा खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५० **कर कट्टी -** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रू.५३,००६।- कर कट्टी नगरेको एवं घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रू.

| भौ. नं. | भुक्तानी विवरण | करको प्रकार | भुक्तानी लिनेको नाम | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|---|---|
| ३४२ | भ्रमण अवलोकन खर्च | बहाल कर | मुकेश कुमार चौरासिया | १८७६५० | १४०७४ |
| ३४५ | शव व्यवस्थापन खर्च | बहाल कर | मान बहादुर केप्छाकी मगर | ५६००० | ४२०० |
| ४४५ | अवलोकन खर्च | बहाल कर | राजन पोखरेल | १३२००० | ९९०० |
| ५३१ | प्रकाशन खर्च | अग्रीम कर | एवी नेटवर्क प्रा. लि. | ५०००० | ६७५० |
| ५३० | प्रकाशन खर्च | अग्रीम कर | अमर मिडिया प्रा. लि. | ५०००० | ६७५० |
| | **जम्मा** | | | | **४१६७४** |

✂ .................... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा विभिन्न ३९ कर्मचारीको रू.११,३३२।- सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको ।)*

| असुल गर्नुपर्ने | ४१,६७४ |
|---|---|

५१ **कार्यपत्र तथा प्रशिक्षण खर्च -** अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका,२०७७ को परिच्छेद ७ को बुँदा नं ७.१.१५(४) मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित गाउँपालिकास्तरीय सहायकस्तर/अन्य तालिममा कार्यपत्र वापत रू.७००।- र कक्षा सञ्चालन वापत रू.६००।- पारिश्रमिक प्रदान गर्ने व्यवस्था छ र सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति/प्रशिक्षक भएको अवस्थामा कक्षा र कार्यपत्रको पारिश्रमिक मध्ये कार्यपत्र वापतको रकम मात्र पाउने उल्लेख छ । पालिकामा सञ्चालित निम्नानुसारको तालिममा पालिकाकै कर्मचारी श्रोत व्यक्ति/प्रशिक्षक भई कार्य गरेकोमा दुवै पारिश्रमिक भुक्तानी लिएको पाइयो । नियमविपरीत भुक्तानी लिएको कक्षा वापतको रकम भुक्तानी दिनेलाई जिम्मेवार बनाई सम्बन्धितबाट रकम असुल गर्नुपर्ने रू.

| भौचर नं. | कार्यक्रमको नाम | भुक्तानी पाउने व्यक्तिको नाम | कक्षा | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १७८ | बाखा पकेट कार्यक्रम | श्री लक्ष्मण कुमार कार्की | ११ | १२०० | ७०० | ४६७५ |
| | | श्री सरोज वस्नेत | ३ | १२०० | ७०० | १२७५ |
| ३०४ | किशोरी तथा अभिभावक प्रशिक्षण कार्यक्रम | श्री दिपनारायण चौधरी | ८ | १२०० | ७०० | ३४०० |
| १९१ | जलवायु परिवर्तनसम्बन्धी अनुशिक्षण | श्री राजन पोखरेल | ३ | १५०० | ७०० | २०४० |
| ३४७ | पशुपालन तालिम | श्री सरोज बस्नेत | ६ | १३०० | ७०० | ३०६० |
| ४४९ | पशुपन्छी तालिम | श्री राजन पोखरेल | ८ | १५०० | ७०० | ५४४० |
| ८ | तरकारी खेती तालिम | श्री जीत बहादुर खड्का | १ | १५०० | ७०० | ६८० |
| | | श्री गिता कुमारी | ३ | १५०० | ७०० | २०४० |
| ५६८ | व्यवसायिक पशुपन्छीपालन तालिम | श्री शेर बहादुर कार्की | ८ | १५०० | ७०० | ५४४० |
| **जम्मा** | | | | | | **२८०५०** |

✂ .................... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.८,१६०।- को सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको ।)*

| असुल गर्नुपर्ने | २८,०५० |
|---|---|

५२ **बढी दरमा भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा दश लाख रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने उल्लेख छ । उपनियम ४ मा सार्वजनिक निकायले रू.एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका

आवास गृहको पहिलो तलामा रेलिङ लगाउने कार्यका लागि कोटेशन मार्फत गलान इन्फ्राटेक सर्वेइङ एण्ड इन्जिनियरिङ कन्स्ट्रक्सन प्रा.लि.लाई रू.४,८६,१९९।६८ मा सम्झौता गरी कार्य गराएकोमा BOQ मा उल्लेख गरेको दरभन्दा देहायबमोजिम बढी भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने रू.

| Item no | BOQ अनुसार दर | भुक्तानी दर | बढी दर | परिमाण घन मि. | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ३ | ११८० | १९८०० | १८६२० | ३.३२१ | ६१८३७.०२ |
| भ्याट | | | | | ८०३८.८१ |
| **जम्मा रकम** | | | | | **६९८७५.८३** |

| असुल गर्नुपर्ने | ६९,८७६ |
|---|---|

५३ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रू.१० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रू.१० लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटक वा पटक पटक गरी रू.१० लाख भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष नियमावलीले तोकेको सीमाभन्दा बढीको खरिद कार्य एउटै आपूर्तिकर्ताबाट गरेको नियमसम्मत नभएको रू.

| अनियमित भएको | २१,४५,५३० |
|---|---|

**(विस्तृत विवरण बेरूजु दफा ५३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५४ **अधुरो निर्माण कार्य -** पालिकाले वडा नं. ५ मा कबर्ड हल निर्माण कार्यको फुटिङ, भर्टिकल पिल्लर, प्लिन्थ बिम र आई-सेक्सन सम्मको लागत अनुमान रू.१५,४९,९७५।- तयार गरी वोलपत्रको माध्यमवाट निर्माण कार्य सुचारु गरेकोमा घलान इन्फ्राटेक सर्भेयिङ्ग एण्ड इन्जिनियरिङसंग रू.१४,८८,३०६।१३ मा निर्माण कार्य गर्ने संझौता गरी रू.१५,०५,४१८।- को कार्य सम्पन्न गरी खर्च गरेको देखियो । कबर्ड हल कारण निर्माण कार्य अन्तर्गत छाना तथा वाल निर्माण कार्य अधुरो नै रहेको देखियो । बजेट व्यवस्था गरी उक्त अपुरो कबर्ड हल निर्माणकार्य सम्पन्न गरीनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५५ **सामाग्री खरिदमा ओभरहेड -** सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची १ र १ क मा निर्माण कार्यमा १५ प्रतिशत र परामर्श सेवा खरिदमा ४ प्रतिशत व्यवस्थापन खर्च भुक्तानी दिन मिल्ने र अन्य खरिद मालसामान आपूर्तीकर्ताबाट भएको खरिदमा ओभरहेड दिने व्यवस्था गरेको छैन । दफा १० र ११ मा सार्वजनिक निकायले मालसामान खरिद गर्नु अघि स्वीकृत दररेटको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले क्रेट जाली खरिदको लागि लागत अनुमान तयार गर्दा ओभरहेड संलग्न गरेको देखियो । देहायअनुसार ओभरहेड संलग्न गरी लागत अनुमान तयार गरेको रकम नियमसम्मत नदेखिएको रू.

| भौचर नं. | आपूर्तीकर्ताको नाम | खरिद संख्या | साइज | ओभरहेड सहितको दर | हुनुपर्ने दर | फरक दर | बढी रकम | भ्याट सहित रकम |
|---|---|---|---|---|---|---|---|---|
| ५२ | नेपाल ट्रेडिङ्ग एण्ड हार्डवेयर्स प्रा. लि . | १५८ | २*१*१ | ३४१५.५० | २९७० | ४४५.५० | ७०३८९ | ९१२५५.४१ |
| | | ३२ | १.५*१*१ | २४८४ | २१६० | ३२४ | १०३६८ | |
| | | | | | | | ८०७५७ | |
| १९ | कन्स्ट्रक्सन सप्लाइज नेपाल प्रा. लि. | ३८० | २*१*१ | ३४१५.५० | २९७० | ४४५.५० | १६९२९० | १९१२९७.७० |
| **जम्मा** | | | | | | | | **२८२५५३.११** |

| अनियमित भएको | २,८२,५५३ |
|---|---|

५६ **विद्युत तार खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव वा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले विद्युत मिटर जडानको लागि कालो तार मिति २०७९।०६।१५ मा खरिद गरेकोमा जडान तथा कार्यसम्पन्न नगरी भुक्तानी गरेको देखियो । खरिद गरेको मध्ये १४६२७ मिटर तार वडा अध्यक्ष तथा सदस्य मार्फत वितरण गरी भरपाई पेश गरेको र ९५७३ मि. तार हालसम्म पालिकाको स्टोरमा बाँकी रहेकोले खरिदको उद्देश्य बमोजिम प्रयोग भएको सम्बन्धमा बुझिलिनेलाई जिम्मेवार बनाई प्राविधिक पुष्टयाई सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

| तार बुझिलिनेको नाम / मौज्दात | परिमाण (मि) | दर भ्याट बाहेक | रकम | भ्याट सहितको रकम |
|---|---|---|---|---|
| श्री मनोज कुमार कार्की वडा नं ३ अध्यक्ष | ८७१ | ३२.७९ | २८५६०.०९ | ३२२७२.९० |
| श्री थिर बहादुर राउत वडा नं ८ अध्यक्ष | ५७५६ | ३२.७९ | १८८७३९.२४ | २१३२७५.३४ |
| श्री मिना कुमारी तामाङ्ग वडा नं ४ वडा सदस्य | ८००० | ३२.७९ | २६२३२० | २९६४२१.६० |
| गाउँपालिकाको स्टोर | ९५७३ | ३२.७९ | ३१३८९८.६७ | ३५४७०५.५० |
| **जम्मा** | **२४२००** | **३२.७९** | **७९३५१८** | **८९६६७५** |

| प्रमाण पेश नगरेको | ८,९६,६७५.३४ |
|---|---|

५७ **पाईप र सिमेन्ट खरिद -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव वा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ ।

पालिकाले खानेपानी पाईप खरिद गरेकोमा सो पाईपहरु जडान नगरी भुक्तानी गरेको देखियो । खरिद गरेका पाईप जडान गरेर नापजाँच गरी प्रमाण पेश गर्नुपर्ने रू.

| भौचर नं | पाईपको प्रकार | स्पेसिफिकेशन | परिमाण | दर | रकम | भ्याट सहितको रकम |
|---|---|---|---|---|---|---|
| २८२ | ३२ mm | Pn १० | ५०० | ६७.८६ | ३३९३० | ३८३४०.९० |
| | २५ mm | Pn १६ | १००० | ६०.३२ | ६०३२० | ६८१६१.६० |
| | २० mm | Pn १६ | ५१५० | ३९.१५ | २०१६२२.५० | २२७८३३.४२ |
| | १६ mm | Pn १६ | ५००० | २६.६८ | १३३४०० | १५०७४२ |
| ३७५ | १६ mm | १० के.जी. | १८०० | २६ | ४६८०० | ५२८८४ |
| | २० mm | १० के.जी. | ४००० | ३८.५० | १५४००० | १७४०२० |
| | २५ mm | १० के.जी. | ८०० | ५८.५० | ४६८०० | ५२८८४ |
| **जम्मा** | | | | | **६७६८७२.५०** | **७६४८६५.९२** |

भौचर नं ३७५ मा रू.७२५।- (भ्याट बाहेक) को दरले रू.९८,३१०।-(भ्याट सहित) को १२० बोरा ५३ ग्रेडको सिमेन्ट समेत खरिद गरी ५२ जनालाई वितरण गरेको भरपाई संलग्न गरेकोमा उक्त सिमेन्ट कहाँ कुन प्रयोजनमा खर्च भएको हो खर्च पुष्टी हुने प्राविधिक कागजात पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,६३,१७५.९२ |

५८ **आई.एच.आई.एम.एस. सफ्टवेयर खरिद -** गाउँपालिका अन्तर्गतका स्वास्थ्य शाखा र स्वास्थ्य चौकी मार्फत वितरण हुने औषधी तथा तयार गरेको रेजिस्टर तथा प्रतिवेदनहरुलाई डिजिटाईजेश्न गर्न, छिटो छरितो रुपमा प्रगति विवरण तयार गर्न इन्टिग्रेटेड हेल्थ इन्फरमेशन मेनेजमेन्ट सिस्टम जडान तथा संचालनको लागि पालिकाले यस वर्ष रू. २० लाख विनियोजन गरेकोमा इजि एक्सेस प्रा. लि. मार्फत प्रणाली तयार गरी रू.१९,८२,५८५।- खर्च गरेको छ । यससम्बन्धी खर्च परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छः

५८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्दा परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यको विवरण तथा कार्यक्षेत्रगत सर्त सहितको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित परामर्शदाता मार्फत सफ्टवेयर प्रणाली निर्माणको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिम बराबरकै लागत तय गरी सिलबन्दी बोलपत्र मार्फत परामर्शदाता छनौट गरेको देखियो । दर्ता भएको ३ वटा बोलपत्रदाताहरुको प्राविधिक मुल्याङ्कनसम्बन्धी कागजात लेखापरीक्षणको क्रममा पेश भएन । पालिकाले आर्थिक प्रस्ताव मुल्याङ्कन गरी घटी कबोल गर्ने परामर्शदातासँग रू.१९,८२,५८५।-को खरिद सम्झौता गरेको पाइयो । नियमावलीमा व्यवस्था भए बमोजिमको प्रकृया पुरा नगरी सफ्टवेयर निर्माण गरेको खर्च नियमसम्मत देखिएन ।

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणालीसम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले खरिद गरेको उक्त सफ्टवेयरको सेक्युरिटी अडिट टेस्ट तथा

सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन साथै प्रणाली र डाटावेसको ब्याकअपसम्बन्धी व्यवस्था भएको देखिएन । अतः पालिकाले सफ्टवेयरको ब्याकअपको व्यवस्था गरी यस्ता सफ्टवेयर स्वीकृति लिई मात्र प्रयोग गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५८.२ नियमावली को नियम ११७ मा सार्वजनिक निकायले खरिद गरेको सेवा स्वीकार्दा सोको सेवा स्वीकृत भएको मिति, सेवाको विवरण उल्लेख गरी कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसरी नियमावलीमा भएको व्यवस्था बमोजिम निर्माण गरेको सफ्टवेयर कार्यक्षेत्रगत सर्त अनुसार निर्माण भएको भनी कार्य स्विकार प्रतिवेदन पेश हुन नआएकोले यसरी निर्माण गरेको सफ्टवेयरहरुको जिन्सी दाखिला गरी माग भए बमोजीम निर्माण भएको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रू.

परामर्शदाताले २०७९ पौष २४ र २५ गते सफ्टवेयर सञ्चालन मड्युलसम्बन्धी छलफल भई २०७९ माघ १० गते सफ्टवेयर निर्माण कार्य पुरा भएको भनी अन्तिम किस्ता भुक्तानी भएको छ । उक्त सफ्टवेयर सञ्चालनको अवस्था परीक्षण गर्दा लेखापरीक्षण अवधिसम्म पालिका अन्तर्गत ८ स्वास्थ्य संस्था मध्ये १ वटा स्वास्थ्य संस्थाले मात्र उक्त सफ्टवेयर मार्फत डाटा इन्ट्री गरेको पाइयो । पालिकाले खरिद गरी तयार गरिएको सफ्टवेयरको प्रभावकारी सञ्चालनसम्बन्धी विश्वस्त हुन सकिएन ।

| प्रमाण पेश नगरेको | १९,८२,५८५ |
|---|---|

५९ **परामर्श सेवा खरिद -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु र कार्यान्वयनमा गएको आयोजनाहरुको अभिलेख राखि अधिंकांश काम थालनी भएको छ । पालिकाले यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ५९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६० **कृषिसम्बन्धी सफ्टवेयर निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्दा परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यको विवरण तथा कार्यक्षेत्रगत सर्त सहितको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । नियमावली को नियम ११७ मा सार्वजनिक निकायले खरिद गरेको सेवा स्विकार्दा सोको सेवा स्वीकृत भएको मिति, सेवाको विवरण उल्लेख गरी कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले कृषि मोबाइल एप र कृषि तथा पशु सूचना तथा वेभसाइट निर्माण गर्न देहायअनुसारका परामर्शदाता छनौट प्रथम किस्ता बापत रू.२,९८,३८७।- भुक्तानी गरेको छ । उक्त सफ्टवेयर निर्माण भई सञ्चालनमा आएको प्रमाण लेखापरीक्षण अवधी सम्म पनी पेश हुन नआएकोले यस सम्बन्धी पालिकाले अनुगमन गरी सम्झौता

बमोजिम सफ्टवेयर निर्माण कार्य सम्पन्न गरी कार्य सम्पन्न तथा स्वीकार प्रतिवेदन पेश हुनुपर्ने अन्यथा भुक्तानी भएको खर्च असुल गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९८,३८७ |

**(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६१ **मध्यमकालिन खर्च संरचना तथा आवधिक योजना तयारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना बनाई लागू गर्नुपर्ने उल्लेख छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ र सार्वजनिक खरिद नियमावली, नियम १२ अनुसार सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य भएमा मात्र बाहिरी परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । परामर्श सेवा खरिद गर्दा लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले आवश्यक्ताको आधारमा परामर्श सेवा खरिद गर्नुपर्दछ । पालिकाले देहायका परामर्शदाताहरु मार्फत आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना तयार गरी रू.२९,९०,६२०।- खर्च गरेको पाइयो ।

| कार्य विवरण | परामर्श दाता | कुल भुक्तानी |
|---|---|---|
| मध्यमकालीन खर्च संरचना तयारी | पाथवे नेपाल प्रा. लि. | १४९४५०० |
| आवधिक योजना तयारी | जि. पि. एस. टेक्नोलोजिस प्रा. लि. | १४९६१२० |

पालिकाले उक्त कार्यका लागि कार्यालयको जनशक्ति प्रयोग नगर्नाको कारण खुलाएको पाइएन साथै खरिद कार्यको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिम लागत अनुमान तयार गरेको पाइयो । पालिकामा प्राप्त उक्त योजनाहरु पालिकामा आम्दानी जनाइ जिन्सी दाखिला गर्नुपर्नेमा सो समेत गरेको पाइएन । अतः पालिकाले खरिद गरेको उक्त योजनाको कार्य स्वीकार प्रतिवेदन तयार गरी बौद्धिक सम्पत्तीको रुपमा आम्दानी जनाउनु पर्दछ । साथै स्थानीय तहको समग्र विकासका लागि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा मध्यमकालीन खर्च संरचना तथा आवधिक योजनाका दीर्घकालीन विषयलाई समेत समावेश गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६२ **सडक नाली तथा बायोइन्जिनियरिङ -** सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर, दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मतसम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भूक्षय रोक्नका लागि बायो इञ्जिनियरिङ्ग कार्यसमेत गर्दै जानुपर्नेमा कार्यालयले त्यसतर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो—इञ्जिनियरिङ्गको कार्य पनि नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षातमा सञ्चालनमा आउन नसक्ने, वर्षातपछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भूक्षय तथा भूस्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखित पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६३ **गैर सरकारी संस्था मार्फत कार्यक्रम सञ्चालन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउनका लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत सर्त र लाग्ने रकमको अनुमान तयार गर्नुपर्ने, सार्वजनिक निकायले दश लाख रुपैया

सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उदेश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भएको, मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा प्रस्ताव माग गरी पारदर्शी रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न लक्षित समूह तथा वर्गको कार्यक्रम तथा तालिमहरु सञ्चालन गर्नका लागि छनौट भएको गैर सरकारी संस्थाहरुको छनौट प्रकृया नियमावली बमोजिम पारदर्शी रहेको पाइएन । साथै विभिन्न कार्यक्रम तथा तालिम वडा कार्यालयले आफै कार्यदेश दिएको र सोझै संस्था छनौट गरेको पाइयो । कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, कार्य क्षेत्रगत सर्त, लागत अनुमान तयार नगरी संस्थाले पेश गरेकै लागत अनुमानको आधारमा तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड समेत स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सही पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी कार्यक्रमको छनौट गर्नु पर्दछ । उदाहरणको लागि देहाय बमोजिम रहेका छन् ।

| भौ नं. | सेवा प्रदायक | कार्यक्रम विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २४४ | क्लाउड वेभ प्रा. लि. | कम्प्युटर एप्लिकेसन तालिम | ४९९००० |
| ४२७ | महिला पूर्नस्थापना केन्द्र | सिलाई कटाई तालिम | १९९७०० |
| ५९१ | विकासका लागि साझा पहल | टोल विकास संस्था गठन, सञ्चालन कार्यक्रम | ४९९७९८ |
| ६२१ | पूर्णपुष्टी | पर्यटन पचास भिडियो तयारी | ३००००० |
| ६४५ | पंचावती प्रशिक्षण तथा परामर्श सेवा | स्ट्रेस म्यानेजमेन्ट तालिम | २९८७०० |

सैद्धान्तिक बेरुजु

६४ **बिल बिजक -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च लेख्दा खर्चलाई पुष्टी गर्ने विल भर्पाइ पेश गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायनुसारका गैर सरकारी संस्थाहरु मार्फत विभिन्न कार्यक्रम सञ्चालन गर्न सम्झौता गरेकोमा उक्त संस्थाहरुले विभिन्न फर्म तथा पार्टीका विल विजक पेश गरी भुक्तानी गरेको देखियो । बिल बिजक जारी नै नगरी गैर सरकारी संस्थाबाट खरिद गरेको अवस्थामा आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशत कर लाग्ने व्यवस्था गरेकोमा गैर सरकारी संस्थाबाट भएको खरिद कार्यमा उक्त दफा बमोजिम १५ प्रतिशतले हुने नपुग कर रू.४४,०९०।- असुल गर्नुपर्ने रू.

| भौ. नं. | गै.स.स. को नाम | कार्य | भुक्तानी रकम | कट्टी भएको कर | नपुग कर |
|---|---|---|---|---|---|
| १५८ | सुशासनका हिमायती | सार्वजनिक सुनुवाई | १६६००० | १६४१८ | ८४८२ |
| ३८७ | सुशासनका हिमायती | सार्वजनिक सुनुवाई | १६४००० | १५९८५ | ८६१५ |
| जम्मा | | | | | १७०९७ |

..................... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.२६,९९३।- को सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको ।)***

| असुल गर्नुपर्ने | १७,०९७ |
|---|---|

६५ **तारजाली खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव वा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले तारजाली व्यवस्थापन तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि देहायबमोजिमको तारजाली खरिद गरी खर्च लेखेको छ । पालिकाभरी तारजाली व्यवस्थापनका लागि खरिद भएका तारजाली विपद् व्यवस्थापन समितिको सिफारिसमा वितरण गरिएतापनि सो को नापी तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । विभिन्न आयोजनालाई आवश्यक पर्ने तार जालीको योजनागत अभिलेख समेत नदेखिएकोले खरिद भएका जाली कुन योजनामा प्रयोग हुने हो लगत राखी जाली खर्च प्रयोगको नापी तथा कार्यसम्पन्न पेश गर्नुपर्ने रू.

| भौचर नं र मिति | विवरण | खरिद संख्या | उपयोग संख्या | बाँकी संख्या | रकम (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १९-२०७९।०७।१८ | गाउँपालिकाभरी क्रेटजाली व्यवस्थापन | ३८० | ३४५ | ३५ | १२३११९ |
| ५२-२०७९।१०।०६ | प्रधानमन्त्री रोजगार कार्यक्रम | १५८ | १४५ | १३ | ४९७७० |
| ६६६-२०८०।०३।२३ (चालु) | वडा नं ८ मा तारजाली वितरण | ४१ | - | ४१ | १४८८०५ |
| **जम्मा** | | | | | **३२१६९४** |

| प्रमाण पेश नगरेको | ३,२१,६९४ |
|---|---|

६६ **खरिद भन्दा बढी नापी** - सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२३ मा सार्वजनिक निकायले कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले देहायबमोजिमको कार्यमा खरिद गरेको ग्याविन संख्या भन्दा बढी संख्यामा ढुंगा भर्ने कार्यको परिमाण नापी गरी भुक्तानी दिएको देखिन्छ । खरिद गरेको तारजाली भन्दा बढी सँख्यामा तारजाली भरेको नापी गरी बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | १,५०,०८८.०६ |
|---|---|

**(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६७ **बाँस खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले श्री जनता मा. वि. पहिरो नियन्त्रणका लागि लागत अनुमान तयार गर्दा ७० वटा बाँसको रू.२००।- का दरले लागत अनुमान तयार गरेको र सोही बमोजिम नापी गरी श्री जनता मा.वि.लाई रकम भुक्तानी दिएकोमा विद्यालयले पेश गरेको बिल भरपाई तथा विद्यालय व्यवस्थापन समितिको माइन्यूटको खर्चको विवरणमा समेत बाँस खरिदमा रकम खर्च गरेको नदेखिएकोले खरिद नै नगरेको बाँसको भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | १४,००० |
|---|---|

६८ **साना सिंचाई कार्यक्रम तर्फ -** साना सिंचाई आयोजना अन्तर्गत यस पालिकामा साझेदारी लगानी आयोजनामा उपभोक्ता, स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकार तथा स्वीस सरकारको सहभागितामा विभिन्न ७ वटा साना सिंचाइ योजनाहरु सञ्चालनमा रहेको विवरण प्राप्त भयो। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नअनुसार छन्:

६८.१ **श्रोतगत खर्च मिलान** - साना सिंचाई आयोजना अन्तर्गत यस पालिकामा साझेदारी लगानी आयोजनामा खर्च गर्दा संझौतामा उल्लेखित अनुपात अनुसारको श्रोतवाट खर्च लेख्नु पर्दछ । समुदायमा आधारित साना सिंचाई आयोजना सञ्चालनका लागि साझेदारी लगानी सम्झौतामा व्यवस्था भए अनुसार कुल लागतमा उपभोक्ता, स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकार तथा स्वीस सरकारको सहभागिता क्रमशः १०,२०, २०, २० र ३० प्रतिशत रहेकोमा सम्झौता अनुसार गर्नु पर्ने व्यवस्था रहेकोमा आयोजनाहरुको हालसम्मको भुक्तानीमा निम्नअनुसार श्रोतगत खर्च हिसाब गरी खर्च भएको देखिएन । तसर्थ आयोजनामा श्रोतगत हिसाव मिलान गरी खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ६८.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६८.२ **रोयल्टी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले साना सिँचाई कार्यक्रम अन्तर्गत नमुना छनौट गरी परीक्षण गर्दा देहायका योजनाहरुको लागत अनुमान तयार गर्दा ढुँगा, गिट्टी तथा बालुवामा रोयल्टी समावेश गरी लागत अनुमान तयार गरेकोमा उपभोक्ता समितिले उक्त सामग्रीहरुको रोयल्टी पालिकालाई बुझाएको प्रमाण पेश नगरी रोयल्टी बापतको रकम भुक्तानी भएकोले उक्त रकम सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रू.

| योजनाको नाम | निर्माण सामग्री | परिमाण (घ. मि.) | रोयल्टी दर (प्रति घ. मि.) | रोयल्टी रकम |
|---|---|---|---|---|
| अर्ने कुलो जल उ. स . | ढुंगा | ९०.५८७ | २११.७३ | १९१८० |
| | गिट्टी | ८२.५७६ | २११.७३ | १७४८४ |
| जम्मा | | | | ३६६६४ |
| बडहरे खोला जल उ. स. | ढुंगा | १३२.७२७ | २११.७३ | २८१०२ |
| | गिट्टी | ८१.२१३ | २११.७३ | १७१९५ |
| जम्मा | | | | ४५२९७ |
| माटेखोला मुहान जल उ. स. | ढुंगा | ८८.५१९ | २११.७३ | १८७४२ |
| | गिट्टी | ६८.४१ | २११.७३ | १४४८४ |
| | बालुवा | ३५.८१५ | १६७.७१ | ६००३ |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | | | | ३९२२९ |
| **कुल जम्मा** | | | | **१२११९०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२१,१९० |

६९ **निर्माणसँग सम्बन्धित सैद्धान्तिक व्यहोरा**

**स्थानीय निर्माण सामग्रीको दर निर्धारण -** पालिकाले स्थानीय स्तरमा पाईने काठ ढुँगा तथा खोलाको ग्राभेल जस्ता निर्माण सामग्रीको लागत अनुमान तयार गर्दा जिल्ला दररेटमा स्थानीय खोलाबाट पालिका केन्द्रको दुरीसम्मको ढुवानी भाडासमेत गणना गरी पालिकाको दर रेट निर्धारण गरेको देखियो । पालिकाले नजिकको खोला वा निर्माण स्थल नजिकको क्षेत्रमा उपलब्ध हुने निर्माण सामग्रीको सङ्कलन विधि वा जिल्ला दर रेट जुन सस्तो हुन्छ सो दर कायम गरी दर निर्धारण गर्नु पर्नेमा जिल्ला दर प्रयोग गरी ढुवानी समेत दिएको कारण स्थानीय निर्माण सामग्रीको दर महँगो हुन गई निर्माण लागत बढेको अवस्था छ ।उपभोक्ता वा निर्माण व्यवसायीले कार्यस्थलमै उपलब्ध सामग्री प्रयोग गरी निर्माण गर्ने भएकोले स्थानीय सामग्रीको उपलब्धताको आधारमा ती निर्माण सामग्रीको उचीत दर कायम गरी निर्माण कार्यमा मितव्ययिता कायम गराउनु पर्दछ ।

**योजनाको अनुगमन -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १६ को उपदफा (४) ख ५ मा गाउँपालिका उपाध्यक्षको काम कर्तव्य र अधिकार अन्तर्गत योजना तथा कार्यक्रमको अनुगमन तथा सुरपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने उल्लेख छ ।यस पालिकाले उपाध्यक्षको संयोजकत्वमा वडा अध्यक्ष, इन्जिनियर, सब-इन्जिनियर सदस्य रहने गरी अनुगमन समिति गठन गरेको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष पालिकाको सभाले ९७० योजना स्वीकृत गरेकोमा ८४२ योजना कार्यान्वयन गरेको देखिन्छ । नमुना छनौटको आधारमा स्रेस्ता परीक्षण गर्दा योजना अनुगमन समितिले पेश गरेको अधिकांश योजना अनुगमन फारमहरुमा योजनाको कार्य प्रगति, सुधार गर्नुपर्ने विषय तथा सुझाव सम्बन्धमा कुनै पनि विवरण उल्लेख नगरी पदाधिकारीहरुले हस्ताक्षरमात्र गरेको देखिन्छ । योजनाहरुलाई उद्देश्य अनुरुप गुणस्तरीय रुपमा सम्पन्न गर्नको लागि निरन्तर अनुगमन गरी यथार्थ अवस्थाको सम्बन्धमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।

**प्राविधिक बिल र कार्यसम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समिति तथा कोटेशन मार्फत निर्माण व्यवसायीबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

**गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण

गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।

**आयोजना हस्तान्तरण -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१२) मा निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेका आयोजना नियमावलीको व्यवस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकी लगानी खेर जान सक्ने देखिन्छ । सम्पन्न आयोजनाहरु नियमानुसार हस्तान्तरण गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७० **उपभोक्ता समिति मार्फत सामग्री खरिद -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट काम गराउदाँ मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य रोजगारी सिर्जना गर्ने भएमा उपभोक्ता समितिबाट काम गराउन मिल्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार जनसहभागितामूलक एवम श्रममूलक काम उपभोक्ता समिति मार्फत गर्न सकिने उल्लेख छ । तर उपभोक्ता समितिवाट पालिकाले कुनै मालसामान खरिद, परामर्श वा अन्य सेवा प्राप्त गर्न मिल्ने देखिदैन । यस वर्ष पालिकाबाट भौ नं. ४०४ बाट ३२ वोटा हिलटेक ट्याङ्क खरिद कार्य प्रतिस्पर्धा बेगर उपभोक्ता समिति मार्फत गराई रू.१,००,०००।- भुक्तानी दिएको देखिएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

## ७१ पुरानो गढी पुनः निर्माण

७१.१ पालिकाले पुरानो गढी पुन निर्माणको लागि निर्माण व्यवसायी एडी सिद्धगढी निसान जे.भी.सँग रू. २४९३७४००।८५ को सम्झौता गरेकोमा रू.२,५१,९५,४८२।- मा कार्य सम्पन्न गरेको छ । उक्त ठेक्का सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

**निर्माण कार्यको बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले मर्मत सम्भार अवधि समेट्ने गरी निर्माण कार्यको वीमा गराउनु पर्ने उल्लेख छ । निर्माण व्यवसायीसँग भएको सम्झौतामा पनि यस्तो प्रावधान रहेको छ। सो अनुसार निर्माण व्यवसायीले सन् २०२२।७।१५ सम्म म्याद भएको वीमा पेस गरेको आधारमा प्रिमियम रू.९४,०००।- भुक्तानी भएको थियो ।उक्त निर्माण कार्यको म्याद २०७९।१२।३० सम्म थप भएको र २०७९।१२।२६ मा कार्य सम्पन्न भएकोले वीमा को म्याद २०८०।१२।३० सम्म थप गराई प्रमाण पश गर्नु पर्दछ रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९४,००० |

७१.२ **एज बिल्ट ड्रइङ्ग** - कार्यालय र निर्माण व्यवसायि एडी सिद्धगढी निसान जे.भी.सँग बीच भएको सम्झौताको स्पेशल कन्डिसन अफ कन्ट्र्याक्टको ७१.२ मा निर्माण सम्पन्न भएको एकमहिन भित्र एज विल्ट नक्सा दिनु पर्ने व्यवस्था छ र नदिएमा रू.५०,०००।- विलबाट रोक्का राख्नुपर्ने व्यवस्था छ । यस वर्ष निर्माण सम्पन्न भएको उपर्युक्त निर्माण

कार्यको अन्तीम बिल भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि २०८०।५।१६ सम्म पनि एजविल्ट ड्रइङ पेश भएको पाइएन। अतः सर्त बमोजिम एजविल्ट ड्रइङ पेश गराई भुक्तानी परिमाण भिडान गरी निर्माण कार्य निर्धारित परिमाणमा र स्वीकृत ड्रईङ र डिजाईन बमोजिम भएको सुनिश्चित गर्नुको साट्टै निजले भुक्तानी पाउने रकमबाट सम्झौता अनुसारको रकम रोक्का गरी असुल गर्नु पर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

७२ **स्वास्थ्य चौकी भवन निर्माण -** तावाश्री स्वास्थ्य चौकी भवन निर्माणको लागि २०७९।९।१ मा मकालु निर्माण सेवासँग रू.२१,९७,७०४।७० को सम्झौता भएको थियो । विस्त्रित परियोजना प्रतिवेदन (डीपीआर) अनुसार उक्त भवन निर्माण कार्यको लागत जम्मा रू.२,६७,३८,९८६।२७ रहेको देखिन्छ । पालिकाले उपलब्ध स्रोतको आधारमा यो वर्ष २ वटा ठेक्का मार्फत कार्य गराई पेस्की रू.१५,५०,०००।-समेत देहाय अनुसार रू.३६,७४,५१५।-खर्च लेखेको छ ।

| ठेक्का नं. | निर्माण व्यवसायीको नाम | लागत अनुमान | सम्झौता रकम | भुक्तानी |
|---|---|---|---|---|
| ६।०७९।८० | मकालु निर्माण सेवा | ३९९८२०५।९१ | २१९७७०४।७० | २१७४५१५ |
| १६।०७९।८० | गलान ईन्फ्राटेक सर्वेईङ एण्ड ईन्जिनियरिङ कन्सट्रकसन | | ९६६५२२४।२० | १५००००० पेस्की |
| **जम्मा** | | | **११८६२९२८।९०** | **३६७४५१५** |

उक्त निर्माण सम्वन्धमा निम्न व्यहोरा देखियोः

**बढी भुक्तानी -** निर्माण कार्यको वास्तविक परिमाण नापी किताबमा समावेश गरी भुक्तानी गर्नु पर्दछ । ठेक्का नं. ६।०७९।८० को नापी किताव प्राविधिक समेतको सहभागितामा परीक्षण गर्दा डिपीसी लेभलको बीम ढलानको कार्यमा बीमको इन्टर सेक्सनको परिमाण घटाउन छुट भएको कारण देहाय अनुसार ०.६४१७ घनमिटर कंक्रिटको प्रतिघनमिटर ठेक्का दर रू.९५०० को दरले रू.६,०९६।१५ र सोमा भुक्तानी दिएको मूल्य अभिबृद्धि कर रू.७९२।५० समेत रू.६,८८८।६५ बढी भुक्तानी भएकोले निर्माण व्यवसायीबाट असुल गर्नु पर्ने रू.

**एज बिल्ट ड्रइङ्ग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एजबिल्ट नक्सा) पेश गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी कार्यालय र निर्माण व्यवसायि बीच भएको सम्झौताको स्पेशल कन्डिसन अफ कन्ट्र्याक्टमा ईन्जिनियरको निर्देशन बमोजिमको समयमा पेश गर्नु पर्ने उल्लेख गरे तापनि अवधि खुलाएको देखिएन । यस वर्ष निर्माण सम्पन्न भएको उपर्युक्त भवन निर्माण कार्यको अन्तीम बिल भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि २०८०।५।१६ सम्म पनि एजविल्ट ड्रइङ पेश भएको पाइएन। अत : सर्तबमोजिम एजविल्ट ड्रइङ पेश गराई भुक्तानी परिमाण भिडान गरी निर्माण कार्य निर्धारित परिमाणमा र स्वीकृत ड्रईङ र डिजाईन बमोजिम भएको सुनिश्चित गर्नु पर्दछ ।

**सम्झौताका सर्त स्पष्ट नभएको -** सार्वनिक खरिद नियमावली, २०६४ को नियम ५२ मा सार्वजनिक निकायले बोलपत्र सम्वन्धी उल्लिखित सर्तहरु समावेश गरी खरिद सम्झौता गर्नु पर्ने उल्लेख छ । सम्झौता कार्यान्वयनका क्रममा हुने विवाद कम गर्न खरिद सम्झौताका सर्त समेत स्पष्ट हुनु पर्दछ । पालिकाले तयार गरी सम्झौता गरेको यस अस्पताल निर्माण कार्यको सम्झौताको सर्तमा प्रोग्राम अपडेट, पेस्की दिने र कट्टा गर्ने तरिका, एजविल्ट नक्सा लगायतका विषय स्पष्ट उल्लेख गरेको छैन । यस्ता विषय सम्झौताको सर्तमा नै स्पष्ट हुने गरी सम्झौता संशोधन गर्नु पर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८८८ |

७३ **माटो र चट्टान काट्ने कार्यको अनुपात -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नम्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (Soil & Rock cutting Ratio) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधार लिएर गर्नुपर्दछ । कार्यालयले उक्त आधारहरु बेगरै क्रस सेक्शन ड्रइङ्ग समेत नराखी स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण गर्ने गरेको पाइयो । प्राविधिक पुष्ट्याइँ तथा आधार र क्रस सेक्शन ड्रइङ्ग बेगर लागत बढी पर्ने आईटममा बढी अनुपात राखी भुक्तानी गर्दा लागत वृद्धि हुने अवस्था देखिएको छ । यस किसिमको प्रवृत्तिमा सुधार हुनुपर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन्।

| योजना नाम | कुल एक्साभेसन परिमाण | खान्ने कार्यको अनुपात प्रतिशतमा तथा दर प्रति घ.मि. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नरम माटो | | ढुँगा मिसिएको माटो | | मध्यम चट्टान | | कडा चट्टान | |
| | | प्रतिशत | दर | प्रतिशत | दर | प्रतिशत | दर | प्रतिशत | दर |
| बोहोरीटार वेतिनी मजुवा सडक | ६७६८ | ५५.७९ | ९२.७५ | ४०.४७ | १२१ | ३.४९ | ३४५ | ० | ० |
| जरुवा बाह्रविसे भण्डाकी सडक | ३११२.६० | २५.८९ | ९५ | ६२.३८ | १२० | ९.५७ | ३४५ | २.१३ | ५४० |
| माथिल्लो चुरुम्फा सडक | ५९८५ | ५९.५६ | ९५ | ३४.९० | ११५ | ४.४१ | ३४५ | ० | ० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७४ **झोलुङ्गे पुल विकास कार्यक्रम**

...................... ***(प्रारम्भिक प्रतिवेदन उपर पेस्की फस्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.१५,३०,०००।- को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)***

७५ **फरक दर कायम गरी बढी भुक्तानी**

...................... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.४०,८२२।- को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)***

७६ **एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम**

७६.१ पालिकाले संघीय ससर्त अनुदान अन्तर्गत एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमबाट खर्च गर्ने गरी १५ सैयाको अस्पताल निर्माण गर्न रू. को लागत अनुमान स्वीकृत गरी प्रतिस्पर्धा (ठेक्का नं. ७।०७८।७९) बाट छनौट भएको बोलपत्रदाता अनक धुकुधु जे.भी.सँग २०८१।१२।०० सम्म सम्पन्न गर्ने गरी २०७८।१२।१९ मा मु.अ.कर र प्रोभिजनल सम समेत रू.१८,११,०९,६२३।८५ को सम्झौता भएको छ । अस्पाताल भवन निर्माणमा हालसम्म ५,०९,४७,५७८।- भुक्तानी भई २८.१३ प्रतिशत वित्तीय प्रगति भएको छ । निर्धारित समयको ७५ प्रतिशत अवधि

सम्पन्न हुँदा २८.१३ प्रतिशत मात्र वित्तीय प्रगति भएको अवस्थाले निर्माण कार्यको प्रगति सन्तोषजनक देखिएन । अस्पताल भवन निर्माण सम्वन्धमा देखिएको थप व्यहोरा निम्नानुसार छन्ः

| सैद्धान्तिक बेरुजु |
|---|

७६.२ **मूल्य अभिबृद्धि कर समायोजन नगरेको -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ (१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नु पर्ने व्यवस्था छ । अस्पाताल भवन निर्माण व्यवसायीलाई चौथो रनिङ विलसम्म जम्मा रू.६२,०३,४२७।- मूल्य अभिबृद्धि कर भुक्तानी दिएको देखिन्छ । आन्तरिक राजस्व विभागको वेवसाइटमा २०८०।५।१५ मा पान सर्च गर्दा उक्त कन्स्ट्रक्सन आ.व. २०७८।७९ देखि नै नन फाइलर देखिएको हुँदा निजले समयमा कर विवरण नबुझाएको देखिन्छ । समयमा कर विवरण पेश नगर्ने उक्त कन्स्ट्रक्सनलाई आवश्यक कारवाहीका लागि पत्राचार गरी उक्त मु.अ.कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रू.

| प्रमाण पेश नगरेको | ६२,०३,४२७ |
|---|---|

७६.३ **बीमा शुल्क -** पालिकाले निर्माण कार्यको बिल अफ क्वान्टिटिज तयार गर्दा ननकम्पिटिटिभ आईटमका रुपमा राखेको पिएस आईटमको रकम भुक्तानी गर्दा व्यवसायीले पेस गरेको बिलको आधारमा शोधभर्ना दिई सोही अनुसार खर्च लेखु पर्दछ । भवन निर्माण कार्यको निर्माण व्यवसायीले रू.११,५४,६७५।५५ को बीमा प्रिमियम तिरेको रसिद पेस गरेको देखिन्छ । निजलाई भुक्तानी दिन तयार गरेको ठेक्का विलमा उक्त रकमको ०.७७ प्रतिशत उल्लख गरेकोले बीमाको आईटममा रू.११,५४,६७५।५५ नै भुक्तानी दिएकोले रू.२,६५,५७५।- बढी भुक्तानी दिएको देखियो। बढी शोधभर्ना भुक्तानी दिएको उक्त रकम असुल हुनुपर्ने देखिएको रू.

| असुल गर्नुपर्ने | २,६५,५७५ |
|---|---|

७६.४ **प्रोग्राम अपडेट -** कार्यालय र निर्माण व्यवसायी बीच भएको खरिद सम्झौताको वोलपत्र सम्वन्धी कागजातको एस.सी.सी. मा स्वीकृत बोलपत्र दाताले स्वीकृतिको पत्र पाएपछि निर्माण कार्यको कार्यतालिका स्वीकृतिकोलागि पेश गर्नुपर्ने , कार्यक्रम कार्यान्वयन तालिका अद्यावधिक (प्रोग्राम अपडेट) गर्नु पर्ने र ढिलो गरी पेश गरेमा सो वापत ५०००० रोक्का राखिने उल्लेख छ । लेखापरीक्षणको क्रममा निर्माण व्यवसायीले अद्यावधिक आयोजना कार्यान्वयन तालिका पेश गरेको देखिएन । निर्माण व्यवसायीले सम्झौता अनुसार कार्य नगरेमा प्रोग्राम अपडेट गराई नियमानुसार कार्वाही गरी म्याद थप सम्वन्धि कारवाही गरिने पालिकाको भनाई रहेको छ । निर्माण व्यवसायीलाई प्रोग्राम अपडेट पेश गराउनु पर्ने अन्यथा सर्त अनुसारको रकम रोक्का राखु पर्दछ रू.

| प्रमाण पेश नगरेको | ५०,००० |
|---|---|

७६.५ **मूल्य समायोजन बढी भुक्तानी -** खरिद सम्झौताको सर्तमा मूल्य समायोजन गणना गर्दा बोलपत्र आह्वानको अन्तिम म्यादवाट एक महिना अगाडीको वेश इन्डेक्स र निर्माण व्यवसायीले आइपिसी पेश गरेको ३० दिन अगाडीको करेन्ट इन्डेक्स लिइ मूल्य समायोजन गणना गरी भुक्तानी गरिने उल्लेख छ । पालिकाले सो अनुसार २१ डिसेम्बर २०२२ मा पेश गरेको तेस्रो रनिङविल रू.९३,२१,०२३।- मा सम्झौता अनुसार २१ नोभेम्बर २०२२ को राष्ट्र बैंकद्वारा प्रकाशित होलसेल प्राईस इन्डेक्स अनुसार Mn को ईन्डेक्स १३८।५० प्रयोग गरी हुन आउने फ्याक्टर ०.०७४ ले हुने रू.६,८९,७५५।७३ मूल्य समायोजन रकम भुक्तानी गर्नु पर्नेमा Mn को ईन्डेक्स १४०.४९ प्रयोग गरी रू७,२७,०३९।८२ भुक्तानी दिएकोले रू.३७,२८४।- बढी भुक्तानी दिएको र प्रथम र दोस्रो रनिङ विलमा जम्मा रू.१८,००,९६८।- मूल्य समायोजन भएकोमा ठेक्का विलको अधिल्लो विलमा भुक्तानी महलमा रू १६,७१,३६८

समावेश गरी रू.१,२९,६००।- बढी भुक्तानी दिएको समेत जम्मा रू.१,६६,८८४।- बढी भुक्तानी गरेको मूल्य समायोजन असुल हुनुपर्दछ रू.

| असुल गर्नुपर्ने | १,६६,८८४ |
|---|---|

७६.६ **निर्माण कार्यको गुणस्तर -** निर्माण व्यवसायीले पेश गरेको गुणस्तर परीक्षण प्रतिवेदनमा १६ एमएमको फलामे छडको मोटाई १६.१ र १६.२ देखिएता पनि प्रतिमिटर तौल १.५४ र १.५५ केजी देखिएको छ । परीक्षण प्रतिवेदनमा छडको मोटाई बढी देखिएता पनि प्रति मिटर तौल कार्यालयले गणना गरेको १.५८ केजी प्रतिमिटर भन्दा कम देखिएको छ । कार्यालयले क्युव टेष्टको प्रमाण पेश गरेको छैन । गिट्टी, बालुवा लगायत सामग्रीको पनि गुणस्तर परीक्षण गराएको देखिएन । निर्माण सामग्री तथा क्युव परीक्षण प्रतिवेदनको अभावमा गुणस्तर यकिन हुन नसक्ने भएकोले परीक्षण गराई गुणस्तर सुनिश्चित हुने व्यवस्था मिलाई निर्माण व्यवसायीले प्रयोग गरेको छडको गुणस्तर स्वीकार्य भए नभएको पालिकाले यकिन गरी गुणस्तर परीक्षण प्रतिवेदनमा उल्लिखित तौल भन्दा कार्यालयले गणना गरेको तौल प्रति केजी ०.०३ बढी देखिएकोले छडको तौल पुन गणना गरी यकिन गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७७ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले १३००० थान स्यानिटरी प्याड रू.६७।- का दरले रू.९,८४,२२०।-(मू. अ. कर समेत) मा खरिद गरेकोमा लेखापरीक्षण अवधिसम्म १०६४८ थान विद्यालयलाई हस्तान्तरण गरी बाँकी २३५२ थान पालिकामा मौज्दात रहेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरेको देखिन्छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा ह्रास आउने भएकोले पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७८ **शिक्षक तलब बढी निकासा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयलाई शिक्षकको तलब निकासा गर्दा विद्यालयले पेश गरेको माग फारम भन्दा बढी रकम निकासा गरेकोले बढी निकासा गरेको रकम असुल गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | निकासा भएको त्रैमासिक | माग भएको रकम | निकासा भएको रकम | बढी निकासा रकम |
|---|---|---|---|---|---|
| १ | श्री नमुना मा. वि. भलायाडाँडा | तेस्रो त्रैमासिक | १६४७०६९ | १६९८४४२ | १५१३७३ |
| | | चौंथो त्रैमासिक | १८२८३१० | १८६१०३३ | ३२७२३ |
| **जम्मा** | | | | | **१८४०९६** |

| असुल गर्नुपर्ने | १,८४,०९६ |
|---|---|

७९ **नमुना विद्यालय -** सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२५ अनुसार प्राविधिक कार्यसम्पादन मूल्यांकनका आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले नमुना विद्यालय विकास कार्यक्रमका लागि श्री नमुना माध्यमिक विद्यालय भलायाडाँडासँग रू.९८,७१,५३५।४० मा सम्झौता गरेको देखिन्छ । विद्यालयले भौतिक निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन रू.९८,५९,७७४।६० को पेश गरेकोमा रू.९८,७१,४३५।३७ भुक्तानी गरेको देखिएकोले कार्यसम्पन्न भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,६७१ |

८० **दिवा खाजा र पाठ्यपुस्तक खरिद**

**दिवा खाजा** - कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.७.११.१ मा विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिनका लागि सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका विद्यालयगत तथ्यांकका आधारमा प्रति विद्यार्थी दैनिक रू.१५।- का दरले १८० दिनको दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा दिने व्यवस्था छ । पालिकाले देहायबमोजिमका विद्यालयलाई १८० दिन भन्दा बढी दिनको दिवा खाजा वापतको रकम निकासा गरेकोले बढी निकासा गरेको रकम असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| विद्यालयको नाम | भुक्तानी दिन | बढी भुक्तानी दिन | विद्यार्थी संख्या | दर | बढी निकासा रकम |
|---|---|---|---|---|---|
| श्री जनता मा. वि. डुम्रे | १८७ | ७ | १२३ | १५ | १२९१५ |
| श्री मा. वि. भलायाडाँडा | २०० | २० | २८७ | १५ | ८६१०० |
| श्री मा. वि. बोहोराबोट | १८३ | ३ | ११२ | १५ | ५०४० |
| **जम्मा** | | | | | **१०४०५५** |

**पाठ्यपुस्तक खरिद -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था गरेको छ । स्रेस्ता परीक्षण गर्दा यस सम्बन्धी देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन्:

- पाठ्यक्रम विकास केन्द्रको वेवसाइटमा प्रकाशित स्वीकृत दररेटका आधारमा हिसाब गरी विद्यालयलाई निःशुल्क पाठ्यपुस्तकको रकम अनुदान निकासा उपलब्ध पर्ने उल्लेख छ । यस आर्थिक वर्षमा पाठ्यपुस्तक खरिदमा पाठ्यक्रम विकास केन्द्रले तोकेको कक्षा ९ को रू.७४४।४० र कक्षा १० को रू.९१९।६० भएकोमा श्री मा.वि., जलकेनीले कक्षा ९ को २२ जना विद्यार्थीको रू.९०६।- का दरले रू.३,५५५।२० र कक्षा १० रू.१,०६१।- का दरले १९ जनाको रू.२,६८६।६० गरी जम्मा रू.६,२४२।- का बढी निकासा दिएको रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

-IEMIS को तथ्यांक अनुसार पाठ्यपुस्तकको रकमको भुक्तानी गर्दा विद्यार्थी संख्याभन्दा बढी संख्या राखि भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

| कक्षा | IEMIS अनुसार विद्यार्थी संख्या | भुक्तानी भएको संख्या | बढी विद्यार्थी संख्या | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ८ | ५३१ जना | ५४४ जना | १३ जना | ८८७.७० | ११५४० |
| ९ | ५१९ जना | ५२९ जना | १० जना | ७७४.४० | ७७४४ |
| **जम्मा** | | | | | **१९२८४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२९,५८१ |

८१ **चाडपर्व खर्च (३६-२०७९-६-६) -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेखु अघि जिम्मेवार व्यक्तिले त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । श्री नमुना मा.वि. भलायाडाँडाका स्थायी शिक्षक श्री देवि बहादुर राईलाई सम्बन्धित विद्यालयबाट नै तलब भत्ता र दशैं खर्च समेत भुक्तानी भईसकेकोमा विद्यालय व्यवस्थापन समितिको पनि काम गर्ने गरी तलब रू.१६,३०२।- मासिक दरले सुविधा भुक्तानी गरेकोले निजलाई चाडपर्व खर्च भनि रू.१६,३०२।१५ पुनः भुक्तानी दिएकोले दोहोरो चाडपर्व सुविधा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,३०२.१५ |

८२ **घटी कर कट्टी -** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । देहायका कार्यक्रममा ऐनमा तोकिएको भन्दा घटी कर कट्टा गरी भुक्तानी दिएको देखिएकोले नपुग कर रकम असुल गर्नुपर्ने रू.

| भौचर नं र मिति | कार्यक्रम | भुक्तानी पाउने व्यक्ति/ संस्थाको नाम | करको प्रकार | दाखिला गर्नुपर्ने कर | दाखिला गरेको कर | घटी कर |
|---|---|---|---|---|---|---|
| १७८-२०८०।०१।१३ | नयाँ बाखा पकेट कार्यक्रम | बहुउद्देश्यी सामुहिक कृषि तथा पशुपन्छी कृषक समूह | बहाल कर | १०००० | २५०० | ७५०० |
| २०६-२०८०।०२।०१ | अर्धवार्षिक समिक्षा गोष्ठी | श्री जय नारायण यादव | पारिश्रमिक कर | ८८३२ | ५२४८ | ३५८४ |
| **जम्मा** | | | | | | **११०८४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,०८४ |

८३ **बढी ग्रेड भुक्तानी**

..................... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२७ मा रू.८,००८।- को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)***

८४ **औषधी खरिद -** पालिकाले यस वर्ष सिलबन्दी एवं सोझै खरिद पक्रिया अवलम्बन गरी देहायबमोजिम रू.३९,२६,२३९।- को औषधी एवं सर्जिकल उपकरणहरु खरिद गरेको छ ।

| आपूर्तक | खरिद विवरण | भुक्तानी रकम | खरिद विधि |
|---|---|---|---|
| **चालुतर्फ** | | | |
| लव मेडिकल हल | औषधी खरिद | ९९९९७६ | सोझै |
| स्वस्तिका सप्लायर्स | स्वास्थ्यजन्य सामग्री | ४९९००० | सोझै (असारमा) |

| | | | |
|---|---|---|---|
| प्रमित फार्मेसी | औषधी खरिद | ६००००० | सोझै (असारमा) |
| निशा फार्मेसी | औषधी खरिद | ४९३००० | सोझै (असारमा) |
| **ससर्ततर्फ** | | | |
| सुमित मेडिसन डिस्ट्रिब्युटर्स | औषधी खरिद | ७३४४१३ | सिलबन्दी दरभाउपत्र |
| काशिफ मेडिकल हल | औषधी खरिद | ५९९८५० | सोझै (असारमा) |
| **कुल जम्मा** | | **३९२६२३९** | |

यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्:

क) पालिकाले अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरुका लागि माग र आवश्यकताका आधारमा औषधीसम्बन्धी खरिद योजना तर्जुमा गरी स्वीकृत योजना बमोजिम औषधी खरिद गरेमा आदर्शतम परिमाणमा औषधी खरिद गर्न सकिन्छ । पालिकामा कुन औषधी कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी औषधी आपूर्तिका लागि सर्सत तर्फको बजेटबाट खरिद गर्न सिलबन्दी दरभाउपत्र माग गरेकोमा सुमित मेडिसन डिस्ट्रिब्युटर्सले लागत अनुमानभन्दा ५६ प्रतिशत घटी कबोल गर्दा रू.७,००,०००।- बजेट बचत हुन गएकोले बाँकी रहेको बजेट मध्येबाट पुनः रू.५,९९,८५०।- को औषधी खरिद गरेको देखिन्छ । यसरी पालिकाले पुनः औषधी खरिद गर्दा खरिद गर्नुपर्ने आवश्यक्ता पुष्टयाई नगरी आपूर्तिकर्ताले बढी मूल्यमा आपूर्ति गर्न कबोल गरेका अधिकांश औषधीहरु शुरुमा खरिद गरे भन्दा बढी परिमाणमा खरिद गरेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा मात्रै पालिकाले यस वर्ष रू.१६,९२,८५०।- को औषधी सोझै खरिद गरेको छ । यसरी पुष्टयाई सहित आवश्यकता निर्धारण नगरी बजेट बचत हुँदैमा आर्थिक वर्षको अन्त्यमा पुनः औषधी खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

ख) पालिकाले लागत अनुमान तयार नगरी तीन वटा सूचीकृत फर्महरु मार्फत सोझै दर माग गरी घटी कबोलकर्ता मार्फत खरिद गर्ने गरेको पाइयो । पालिकाले लागत अनुमान तयार गर्नेतर्फ ध्यान जानुपर्दछ ।

ग) खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको सो को परीक्षण प्रतिवेदन तथा BOQ मा खुलेको देखिँदैन । जसका कारण आपूर्ति भएका औषधी डब्लु.एच.ओ. सर्टिफाइड भए नभएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था रहेन ।

घ) आपूर्ति भएका औषधी एवं सर्जिकल सामग्री जिन्सी दाखिला हुनु अघि स्पेशिफिकेशन अनुसार भए/नभएको खुलाएको पाइएन । जसकारण औषधीको गुणस्तर सम्बन्धमा यकिन गर्न सकिएन ।

तसर्थ औषधी खरिदको लागि भण्डारमा रहेको मौज्दात एवं मागमा आधारित योजना तर्जुमा गरी उचित मात्रामा औषधी खरिद गर्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको यकिन गरी खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८५ **अनुदानको अनुगमन -** पालिकाको सहभागीतामा सञ्चालित कार्यक्रम मार्फत कृषकहरुलाई पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरेपश्चात पालिकाले अनुदानबाट भए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको पाइएन । साथै स्थानीय तहबाट

वितरण हुने अनुदान प्राप्त गर्ने कृषकको नामनामेसि सहितको अभिलेख अध्यावधिक गरी नराखेको हुँदा पटक पटक एकै फर्म तथा व्यक्तिलाई अनुदान उपलब्ध भए नभएको सम्बन्धमा यकिन हुन सकेन ।

| सैद्धान्तिक बेरुजु |
|---|

८६ **अनुपातिक कट्टी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहाय अनुसारको विभिन्न कार्यक्रमको भुक्तानीमा कार्यसम्पन्नमा जनसहभागीताको अंश कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सो नगरी बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको रू.

| भौ.नं. | उपभोक्ता समितिको नाम | कार्य | कार्यसम्पन्न रकम | जनसहभागिता गर्नुपर्ने रकम | जनसहभागिता गरेको रकम | घटी जनसहभागिता |
|---|---|---|---|---|---|---|
| ४५४ | देवीका बाखा पालन कृषि फर्म | बोयर बोका वितरण | १००००० | ५०००० | ० | ५०००० |
| ५४५ | | मिल्क एनालाईजर मेसिन खसद | १९८४०० | ३९६०० | ३६००० | ३६०० |
| ४९५ | उत्तम कृषि तथा पशुपन्छी फर्म | खोर निर्माण कार्य | १४६८८६ | ७३४४३ | ५०८८६ | २२५५७ |
| ५१० | ईश्वर कृषि तथा पशुपंछी फर्म | खोर निर्माण कार्य | १७४७२४ | ८७३६१ | ७८७२५ | ८६३६ |
| ५४८ | रनिका कृषि तथा पशुपन्छी फर्म | खोर निर्माण कार्य | १२९६०८ | ६४८०४ | ३४४०८ | ३०३९६ |
| ५४९ | करुण कृषि तथा पशुपन्छी फर्म | खोर निर्माण कार्य | १२७६५५ | ६३८२७ | ३१६५४ | ३२१७३ |
| ५६० | पवित्र कृषक समुह | खोर निर्माण कार्य | ७३२४०३ | ३६६२०१ | २२२४०३ | ११३७९८ |
| **जम्मा** | | | | | | **२६११६०** |

| असुल गर्नुपर्ने | २,६१,१६० |
|---|---|

८७ **घटी जनसहभागिता -** साना सिंचाई विशेष कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६ मा साना सिंचाई कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन गर्दा सहभागी कृषक समुहले कुल लागतको न्यूनतम १५ प्रतिशत रकम नगद वा श्रमदान व्यहोर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष देहायका साना सिंचाई विशेष कार्यक्रम अन्तर्गत निम्न कृषक समुहहरुलाई विभिन्न निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्देशिका बमोजिम १५ प्रतिशत जनसहभागीता समावेश नभएकोले जनसहभागीता बापतको रकम पालिकालाई थप व्ययभार परेको रू.

| भौ. नं. | कृषक समुहको नाम | कार्य | लागत अनुमान | मुल्याङ्कन रकम | जनसहभागिता गर्नुपर्ने रकम | जनसहभागिता गरेको रकम | घटी जनसहभागिता |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | सुनाल कृषक समुह | मोटर सिंचाई पाइप कार्य | १३२००० | १३२९०४ | १९९३५ | १२९०४ | ७०३१ |
| २४ | जालपा कृषक समुह | मार्कुखोला मुहान गरी धापर सिंचाई पक्की कुलो निर्माण | २१७६०० | २१७५२९ | ३२६३० | ० | ३२६३० |
| **जम्मा** | | | | | | | **३९६६१** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,६६१ |

८८ **ओभरहेड भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची १ र १ क मा निर्माण कार्यमा १५ प्रतिशत र परामर्श सेवा खरिदमा ४ प्रतिशत व्यवस्थापन खर्च भुक्तानी दिन मिल्ने र अन्य खरिद मालसामान आपूर्तीकर्ताबाट भएको खरिदमा ओभरहेड दिने व्यवस्था गरेको छैन । पालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरे वापत विकास सहजीकरण सञ्जाल उदयपुरलाई ओभरहेड वापत रू.२०,८५३।- भुक्तानी गरेको देखिएकोले नपाउने ओभरहेड वापतको रकम असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,८५३ |

८९ **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ५ उपदफा ७ र ८ मा कार्यक्रमको लागि छनौट भएका लाभग्राहीलाई सम्बन्धित स्थानीय तहसँग सुरक्षित आवास निर्माण सम्झौता भएपछि पहिलो किस्तावापत ६० प्रतिशत रकम र स्थानीय तहको प्राविधिकबाट निर्माण कार्य सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा दोश्रो तथा अन्तिम किस्ताको ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउने र अनुदान रकम अन्य प्रयोजनमा खर्च गरे वा सम्झौता बमोजिमको कार्य किस्ता उपलब्ध गराएको तीन महिनाभित्र सम्पन्न नगरेमा त्यस्तो अनुदान रकम असुल उपर गर्ने उल्लेख छ । यस वर्ष कार्यक्रमको लागि रू.१,२५,००,०००।- वजेट प्राप्त भएकोमा रू.४२,९६,६०९।- खर्च गरेको छ । यस पालिका अन्तर्गत छनौट भएका ३८३ घर धुरी मध्ये २०८० आषाढ मसान्तसम्म ११५ लाभग्राहीले कार्यसम्पन्न गरी दोश्रो किस्ता समेत भुक्तानी लिएको देखियो । देहायका ४७ जना लाभग्राहीलाई प्रथम किस्ता वापतको रकम रू.१४ लाख १० हजार उपलव्ध गराएता पनि ती लाभग्राहीको निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश गरेको देखिएन । ४७ जना लाभग्राहीले कार्य सम्पन्न नगरेकोले आवस्यक अनुगमन गरी सम्झौता अनुसारको समयमै कार्य सम्पन्न गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ८९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९० **प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा २१ योजना सञ्चालन गरी यस वर्ष १११ जनालाई औषतमा ८ दिन देखि १०० दिन रोजगारी उपलव्ध गराई रू.३७,४७,९०४।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन।

योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९१ **राजस्वको अनुमान तथा असुली -** यो वर्ष गाउँपालिकाले जम्मा रू.४२,८०,०००।- आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा रू.८२,८०,४०६।- आम्दानी गरेकोले लक्ष्यको तुलनामा रू.४०,००,४०६।-(१९३.४७ प्रतिशत) बढी आम्दानी गरेको देखियो ।आम्दानी रकम हिसाव गरी सुत्रमा आम्दानी नबाँधेको कारण सुत्रमा आन्तरिक आय शुन्य देखिएको छ । गाउँपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली बीच अन्तर रहेको छ । गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा.नं. १११) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११२) तयार गरी करयोग्य आय भएका सवैलाई करको दायरामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ९१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९२ **सम्पत्ति तथा व्यवसाय कर**

९२.१ **सम्पत्ति कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५** मा पालिकाले अफ्नो अधिकार क्षेत्रभित्र सम्पत्तिकर लगाउन सक्ने व्यवस्था छ । यो वर्ष पालिकाले रू.४,००,०००।- सम्पत्ति कर प्राप्त हुने अनुमान गरेकोमा रू.३,५९,१४७।- असुल भई अनुमानको तुलनामा ८९.७९ प्रतिशत प्रगति भएको देखिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्रका सवै करदातालाई करको दायरा भित्र ल्याउने गरी सम्पत्ति करको अनुमान गरेको देखिएन । सम्भावित सबै करदातालाई समेटी करको अनुमान गर्ने र कर असुली प्रभावकारी वनाई राजस्व बृद्धि गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९२.२ **व्यवसाय कर -** पालिकाको आर्थिक ऐन २०७९ मा गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने उल्लेख छ । यो वर्ष पालिकाले व्यवसाय दर्ता शुल्क रू.१,३७,७६१।- र व्यवसाय कर रू.५३,०२०।- असुल गरेको छ । पालिका क्षेत्र भित्र साना होटल, रेष्टुरेण्ट, कपडा पसल, जुत्ता चप्पल जस्ता व्यवसाय सञ्चालनमा रहे तापनि सवै व्यवसायलाई करको दायरामा ल्याई व्यवसाय कर प्राप्त गर्न सकेको देखिएन । सबै प्रकार व्यवासायलाई करको दायरामा समावेश गरी व्यवसाय कर उठाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९३ **पटके कर -** पालिकाले वडा नं ४- ८ अन्तरगत एक प्याकेज र वडा नं १-३ अन्तर १ प्याकेज गरी कृषि तथा पशुजन्य उपज र पटके सवारी शुल्क असुल गर्न मूल्य अभिवृद्धि कर वाहेक क्रमशः रू.२,५०,०००।- र

रू.१,००,०००।- को लागत अनुमान तयार गरी सूचना प्रकाशन गरेकोमा दुवै प्याकेजमा बढी कवोल अंक भएको संघर्स निर्माण सेवाको बोलपत्र स्वीकृत गरी मूल्य अभिबृद्धि करसमेत क्रमशः रू.२,८३,७५५।- र रू.१,१४,२५५।- मा सम्झौता भएको देखिन्छ । उक्त ठेकेदारले पालिकालाई वुझाउनु पर्ने रू.३,५२,२२२।- (२०८०।४।२ मा दाखिला गरेको रू.११,२२२।-) समेत दाखिला गरेको देखिए तापनि मूल्य अभिवृद्धि कर रू.४५,७८८।८६ दाखिला गरेको प्रमाण प्राप्त नभएकोले असुल गर्नु पर्दछ रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,७८९ |

९४ **सामुदायिक वनबाट आय -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोगसम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ। सामुदायिक वनको काठ विक्री गर्दा काठ सकार गर्ने ठेकेदारले जम्मा गरेको रकम आम्दानी जनाए तापनि पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन । सामुदायिक वन उपभोक्ता समूहको विवरण अद्यावधिक गरी ऐन अनुसार प्राप्त हुनु पर्ने वन क्षेत्रको सबै आम्दानी प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९५ **चुनढुँङ्गा निकासी वातावरण शुल्क -** पालिकाले आफ्नो क्षेत्रबाट निकासी हुने चुनढुङ्गाको वातावरण शुल्क सँकलनको लागि रू.८,००,०००।- को लागत अनुमान गरी प्रकाशित बोलपत्रको सुचना (ठेक्का नं. URM/IR/02/079/80) अनुसार मूल्य अभिवृद्धि कर समेत रू.९,०५,२५५।४३ कवोल अंक भएको संघर्ष निर्माण सेवाको ठेक्का सदर गरी पहिलो किस्ता वापतको रू.३,२०,४४५।- दाखिला गरेको प्रमाणको आधारमा पालिकाले २०७९।६।६ मा कार्यदिश दिएको देखियो । कार्यपालिकाको कार्यालयले प.सं. २०७९।८० च.नं. १३८६ मिति २०७९।११।२६ मा उक्त ठेकेदारलाई राजस्व वुझाउन पत्राचार गरेपछि ठेकेदारले च.नं. ०११ मिति २०७९।११।२९ मा चुनढुँगा निकासी रोकिई राजस्व ठप्प भएको सम्वन्धमा जानकारी गराएको पत्रलाई उद्रित गरी सो सम्वन्धमा कार्य सम्पादन जमानतको म्याद थप गराई २०८०।८१ सम्म सम्झौताको म्याद थप गर्ने निर्णय ( बैठक संख्या १७ मिति २०७९।१२।१२ बाट) गरेको देखियो । पालिकाले उक्त निर्णय सम्झौताको कुन सर्त वा कुन कानुनको आधारमा गरेको हो खुलाएको देखिएन । सम्झौतामा ठेक्का तोड्ने विषय समावेश भए तापनि ठेक्काको म्याद थप सम्वन्धी व्यवस्था उल्लेख गरेको समेत देखिएन। चुनढुँगा निकासी नभएको सम्वन्धमा पहिले कुनै जानकारी नगराई पालिकाले राजस्व जम्मा गर्न पत्राचार गरेपश्चात ठेकेदारले चुन ढुँगाको निकासी नै नभएको उल्लेख गरी सम्झौताको समयमा जम्मा गरेको पहिलो किस्ता रकम समेत फिर्ता माग गरी निवेदन दिएको सम्वन्धमा पालिकाले सत्य तथ्य बुझी ठेक्काको विवाद निरूपण गर्नु पर्नेमा म्याद थपको निर्णय गरेको र कार्य सम्पादन जमानतको म्याद समेत थप नभएकोले उक्त कार्य सम्पादन जमानतको रकम दावी गरी पालिकाले लिन बाँकी रहेको आय ठेक्काको रू.४,८०,६६६।- र सोको मूल्य अभिवृद्धि कर सम्बन्धमा सम्झौताको सर्त अनुसार टुङ्गो लगाउनु पर्ने देखिएको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८०,६६६ |

९६ **नदीजन्य सामग्री ठेक्का -** पालिकाले प्रारम्भिक वातावरणीय परीक्षण गरिएका नदी तथा खोलाका १८ स्थानबाट वार्षिक सरदर ८ लाख ९४ हजार ७३६ घनफिट नदीजन्य पदार्थ विक्री गर्न सक्ने भए तापनि सुगमताको दृष्टीले सहज स्थान रहेको तावा खोला वार्ड नं. १,२,३ भित्र ७६,९१४ घनफीट र पौवा र बैजनाथ खोला वार्ड नं. ५,६,८ भित्र

३,३२,९०२।०८ घनफीट नदीजन्य पदार्थ विक्री गर्न २ प्याकेज वनाई ठेक्का सुचना प्रकाशन गरेकोमा बोलपत्र दाखिला हुन नआएकोले परिमाण सशोधन गरी पुन सूचना प्रकाशन गर्दा पनि बोलपत्र दाखिला हुन आएन । गाउँ कार्यपालिकाको २०७९।६।३१ को निर्णयानुसार ५० प्रतिशत परिमाण घटाई तेस्रो पटक सूचना प्रकाशन गरेकोमा पौवा खोला र बैजनाथ खोला वार्ड नं. ५,६,८ रहेको दोस्रो प्याकेजको १६६४५०।०४ घनफिट को प्रति घनफिट रू.६।१० को दरले रू.१०,१५,३५१।-कवोल अंक सहित दाखिला हुन आएको ग्लोवल कन्सट्रक्सन प्रा.लि. को ठेक्का स्वीकृत गरेको देखिन्छ । तावा खोला क्षेत्रको पहिलो प्याकेजतर्फ भने बोलपत्रनै दाखिला हुन नआएको अवस्था छ ।

सैद्धान्तिक बेरुजु

९७ **नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । पालिकाले यस बमोजिम आ.व. २०७८।७९ र २०७९।८० को लागि उत्खनन पूर्व प्रारम्भिक वातावरणिय मूल्याँकन तथा परीक्षण (आई ई ई) गरी प्रतिवेदन लिएका देहायका नदी तथा खोलाहरुमा वर्षमा ९ महिना (असार, साउन र भदौमा उत्खनन नगरिने सर्तमा) विक्री गर्नसक्ने परिमाण यस प्रकार रहेको देखिन्छः

| सि.नं. | खोला (नदी)को विवरण | दैनिक उत्खनन गर्न सकिने परिमाण घ. मि. |
|---|---|---|
| १ | बलान खोला र हाडेखोला दोभान | १४००० |
| २ | बैजनाथ खोला वगर देखि मुलकुलो बीच | २१६ |
| ३ | बेलबोटे वगर बैजनाथ खोला | २९० |
| ४ | बैजनाथ खोला माटे दोभान | १४८ |
| ५ | पौवा खोला बजारको दोभान | १२५० |
| ६ | आथिभोले वगर पौवाखोला | ७० |
| ७ | बजार तलको वगर पौवाखोला | २०७ |
| ८ | जग्रेटार जाने छेउको वगर बैजनाथ खोला | ७८० |
| ९ | गढी गा. पा. पुछार वगर | २५० |
| १० | गडी गा. पा. पुछार वगर २ बैजनाथ खोला | ३३० |
| ११ | खड्कुलो बगर बैजनाथ खोला | २५७० |
| १२ | बाँके दह बैजनाथ खोला | १५०० |
| १३ | मैवासेघाट बैजनाथ खोला | ७४५ |
| १४ | मैवासे वगर बैजनाथ खोला | १०८० |
| १५ | ललहरी वगर तावा खोला | २२० |

| | | |
|---|---|---|
| १६ | धमिले तावाखोला दोभान | ११०० |
| १७ | घट्टवगर | २९५ |
| १८ | जरुवा वगर | ३१० |
| **जम्मा** | | **२५३६१** |

वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षण गरिएका नदी तथा खोलाका १८ स्थानबाट पालिकाले वार्षिक सरदर ८ लाख ९४ हजार ७३६ घनफिट नदीजन्य पदार्थ उठाउन सकिने भए तापनि पालिकाले १६६४५१।०४ घनफीट नदीजन्य सामग्री विक्री गरेको देखिएकोले सो अनुसार विक्री गर्न सकेको छैन। पालिकाले वातावरणीय प्रभाव मूल्याँकन अनुसारको परिमाणमा नदीजन्य सामग्री विक्री हुन सक्ने वातावरणद्धारा थप राजस्व आर्जन गर्न प्रयास गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

९८ **राजस्व अभिलेख, दाखिला तथा वडागत आम्दानी**

**राजश्वको अभिलेख -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाले दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) , राजस्व आम्दानी बैक नगदी किताब (म.ले.प.फा. नं. १०८) तथा राजस्वको बैक हिसाव मिलान विवरण (म.ले.प.फा. नं. १०९) राखेको देखिएन । पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्दछ।

**राजस्व दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ को दफा २७(१) मा कार्यालयले प्राप्त गरेको राजस्व सोही दिनमा भोलिपल्ट दाखिला गर्नु पर्ने उल्लेख छ। वडाबाट लामो समय पछि एकमुष्ठ रुपमा राजस्व दाखिला गर्ने गरेको देखियो।समयमा राजस्व दाखिला नहुँदा पालिकाको नगद प्रवाहमा असर पर्ने र हिनामिना हुने जोखिम समेत रहने भएकोले ऐनको व्यवस्था अनुसार राजस्व समयमै दाखिला गर्ने गराउनेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

**वडा तथा पालिकाको आम्दानी -** पालिकाले वडा तथा पालिकामा भएको आम्दानी शीर्षकगत रुपमा वर्गीकरण गरी शीर्षक अनुसार आम्दानी गरी अभिलेख राखेको तथा लेखामा आम्दानी बाँधेको छैन। यो वर्ष पालिकाको वडा तथा पालिका बाट उपलब्ध रसिद ठेलीबाट निम्नानुसार रू.४३,६४,२७३।७२ आम्दानी भएकोमा रू.४२,३२,२९१।७२ मात्र दाखिला भएको देखियो । दाखिला हुन बाँकी रहेको रू.१,३१,९८२।- लेखापरीक्षणको क्रममा १० प्रतिशत थप गरी दाखिला भएको छ । पालिका तथा वडाले गरेको आम्दानीको निर्दिष्ट फारामहरुमा रसिद नम्वर सहित आम्दानी बाँध्ने, तोकिए बमोजिमका शुल्क तथा कर असुली गरी दाखिला गरेको सुनिश्चित गर्न अनुगमन गर्ने र समयमै दाखिला गराई लेखाको हिसावमा समावेश गर्ने व्यवस्था मिलाई आम्दानीको यथार्थ आवस्था देखिने गरी अभिलेख राख्नु पर्दछ ।

**रसिद नियन्त्रण खाता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्छ । कार्यालयले राजस्व असुलीमा प्रयोग हुने रसिदमध्ये गत विगतका कति रसिद बाँकी थिए, यस वर्ष के कति छपाई गरियो

र यो वर्ष वडा कार्यालयहरु, दहत्तर बहत्तरको असुली लगायत गाउँपालिका कार्यालयले प्रयोग गर्ने गरी कति खर्च भयो, के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ, सो खुल्ने गरी रसिद नियन्त्रण खाता राखेको पाइएन । रसिद नियन्त्रण खाताको व्यवस्थित अभिलेख नहुँदा आर्थिक वर्षभरी जारी गरीएका सवै नगदी रसिदबाट हुनुपर्ने आम्दानी प्राप्त भयो भएन यकिन हुन सकेन । कार्यालयले प्रयोग गर्ने रसिदको व्यवस्थित अभिलेख राखी सबै रसिदबाट उठेको रकम दाखिला भएको यकिन गर्नु पर्दछ ।

**नगदी रसिदको व्यवस्थापन -** पालिकाले आम्दानी गर्दा प्रयोग गरिने नगदी रसिद ठेलीको वितरण र वितरण भएका रसिदबाट प्राप्त आम्दानी समयमै दाखिला गरेको प्रमाणसमेत संलग्न गरी नगदी रसीद कार्यालयले फिर्ता जनाई सिलसिलेवार नम्वर सहित पुन जारी गरी रसिदको अभिलेख राख्नु पर्दछ। चालु वर्षको लागि वितरण गरेको रसिद बाहेक अन्य रसिदबाट आम्दानी गर्दा रसिदको दुरुपयोग हुन सक्ने र संकलित आय संञ्चित कोष दाखिला नहुने जोखिम रहन्छ। तसर्थ रसिद नियन्त्रण खाता व्यवस्थित गरी विगतमा वितरण भई बाँकी रहेका कम्प्युटर रसिदको विवरण लिई बाँकी रसिदको सिलसिलेवार नम्बर उल्लेख गरी पुनः वितरण अभिलेख अभिलेख गरी चालु वर्ष जारी भएका रसिद मात्र प्रयोग गर्ने र वर्षान्तमा बाँकी रहेका रसिदहरु फिर्ता अभिलेखाङ्कन गरी पुनः जारी गर्ने व्यवस्था मिलाई सम्पुर्ण आम्दानी दाखिला भएको सुनिश्चत गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

**९९ सामाजिक सुरक्षा भत्ता**

९९.१ नेपालको संविधान बमोजिम नेपाल सरकारले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका), ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिक अन्य जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति र नेपाल सरकारले तोकेको क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका बालबालिकालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । यस पालिकामा ८ वटा वडा रहेकोमा ८ वटै वडाको भत्ता सानिमा बैंकको गढी शाखालाई निकासा दिई ३ वटा शाखाबाट वितरण गर्दै आएको देखियो । पालिकाले पेश गरेको विवरण अनुसार लक्षित समूह अनुसार गत आ.व. र यस आ.व. मा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरुको तुलनात्मक विवरण यस प्रकार रहेको देखिन्छः

| लक्षित समूह | आ. व. २०७८।७९ को चार त्रैमासिकको औसत संख्या | आ. व . २०७९।८० को चार त्रैमासिकको औसत संख्या | मासिक भत्ता दर रू. |
|---|---|---|---|
| ज्येष्ठ नागरिक | १३०७ | १७०८ | ४००० |
| अन्य ज्येष्ठ नागरिक | २५८ | २२५ | २६६० |
| ज्येष्ठ नागरिक (एकल महिला) | २५५ | १९९ | २६६० |
| विधवा | ३८१ | ३७६ | २६६० |
| पूर्ण अपाङ्ग क वर्ग | ६६ | ६५ | ३९९० |

| | | | |
|---|---|---|---|
| आंशिक अपांग ख वर्ग | २०५ | २३२ | २१२८ |
| बालबालिका | ३५६ | ३०७ | ५३२ |
| **जम्मा** | **२८२८** | **३११२** | |

यस गाउँपालिकामा आर्थिक वर्ष २०७८।७९ मा सामाजिक सुरक्षा भत्ता वितरणमा रू.१०,१०,६७,३८१।- खर्च भएकोमा यस आर्थिक वर्षको रिभर्स फिड रू.११,५९,५३,८२०।- खर्च भएको देखिन्छ । अघिल्लो आर्थिक वर्षभन्दा यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता वितरणमा रू.१ करोड ४८ लाख ८६ हजार ४३९ बढी खर्च भएको देखियो। यस आर्थिक वर्षमा औषतमा २८४ जना नयाँ लाभग्राहीहरु थप भएको देखिन्छ भने ४०१ जना ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने लाभग्राहीहरु बढेको देखिन्छ भने अन्य ज्येष्ठ नागरिक, ज्येष्ठ नागरिक (एकल महिला) र विधवा लाभग्राहीहरुको संख्या घटेको देखिन्छ । यस आर्थिक वर्ष देखि ६८ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक भत्ताको व्यवस्था गरेको कारणले नयाँ लाभग्राहीहरु थप तथा ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको संख्या वृद्धि भएको तथा ६८ वर्ष उमेर पुरा भएका ज्येष्ठ नागरिक दलित, ज्येष्ठ नागरिक (एकल महिला) र विधवा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरु ज्येष्ठ नागरिक लाभग्राहीको समूहमा परिणत भई यस प्रकारका लाभग्राहीहरुको संख्या घटेको भन्ने पालिकाको भनाई रहेको छ ।

सैद्धान्तिक बेरुजु

९९.२ **बैंकसँगको हिसाबमिलान** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै बुँदा नं १८ मा स्थानीय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोवार बन्द गर्नुपर्ने र आर्थिक कारोवार बन्द गरेपछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक बैंकसँगको हिसाब मिलान गरी बाँकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आ.व.मा सानिमा बैंकलाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि रू.११,८३,३९,६८४।-निकासा पेस्की दिएकोमा रू.१९,८२,४२८।०९ निकासा फिर्ता गरी रू.११,६३,५७,२५५।९१ सामाजिक सुरक्षा भत्ता खर्च लेखेको छ । यस आ. व. मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैंकहरुलाई दिएको निकासा र वितरणको अवस्था निम्नानुसार छ।

| त्रैमासिक | निकासा रकम | Reverse Feed अनुसार खर्च रकम | बाँकी रकम | बैंकबाट फिर्ता रकम (लगत कट्टा समेत) |
|---|---|---|---|---|
| प्रथम | २७५०२८८१ | २७००५००६ | ४९७८७५ | ५२६१८१ (२०७८।७९को रू.२४९४९) |
| दोस्रो | ३००६०२७९ | २९३२३१९४ | ७३७०८५ | ७३७०८५.०९ |
| तेस्रो | ३०२४१४५४ | २९५०९३६८ | ७३२०८६ | ७४४१११ |
| चौथो | ३०५३५०७० | ३०११६२५२ | ४१८८१८ | ४२२७३० (२०८०।०५।१४ मा बैंक दाखिला) |
| **जम्मा** | **११८३३९६८४** | **११५९५३८२०** | | |

सैद्धान्तिक बेरुजु

९९.३ **लाभग्राहीको अभिलेख -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राखुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षासम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक गरेको देखिएन ।

**निस्कृय खाता -** कार्यविधिको बुँदा नं २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा गर्नुपर्ने र खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेकोमा सो बमोजिम विवरण प्राप्त गरेको पाइएन । पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताको विवरण माग गरी निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्राही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

**एक आर्थिक वर्षमा एक पटक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण -** कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । सो बमोजिम पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९९.४ **बढी भुक्तानी -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको बुँदा नं १५ अनुसार भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भत्ता भुक्तानी दिने व्यवस्था गरेको छ । नमुना छनौट गरी वडा नं.२ र ७ को Reverse Feed परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीहरुको मृत्यु पश्चात पनि रकम निकासा भएको देखिएकोले मृत्यु पश्चात निकासा भएको रकम सम्बन्धित बैंकबाट फिर्ता माग गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| परिचयपत्र नं. | नाम | सामाजिक सुरक्षा भत्ताको प्रकार | उमेर | मासिक भत्ता दर | मृत्यु/लगत कट्टा मिति | विवरण | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| **वडा नं २** | | | | | | | |
| २०११।२३।२५।६५ | मान बहादुर राई | आंशिक अपांग | ६८ | २१२८ | २०७९।०६।२८ | पहिलो र दोस्रो | ६५२५.८६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | त्रैमासिक पुरै रकम भुक्तानी | |
| **वडा नं ७** | | | | | | | |
| १९८५१२३०१६१६५ | विष्णुमाया मगर | ज्येष्ठ नागरिक | ९४ | ४००० | २०८०।०१।३० | अन्तिम त्रैमासिक पुरै भुक्तानी | ८००० |
| २००११२३०५६६१२ | लक्ष्मी माया मगर | ज्येष्ठ नागरिक | ७८ | ४००० | २०८०।०३।१० | अन्तिम त्रैमासिक पुरै भुक्तानी | २६६६.६६ |
| **जम्मा** | | | | | | | **१७१९२.५२** |

अन्य वडाहरुको हकमा पालिका आफैंले परीक्षण गरी बढी भुक्तानी भएको रकम असुल गरी संघीय सञ्चितकोषमा जम्मा गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,१९२.५२ |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

**कार्यालय र स्थान : उदयपुरगढी गाउँपालिका, उदयपुर, उदयपुरगढी गाउँपालिका, उदयपुर**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रमेश राई | २०७८-१२-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बसन्त ढकाल | २०८०-११-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शेखर कुमार बुढाथोकी | २०७७-४-१ | २०८०-११-१५ |

**बेरुजु वर्गीकरणः**

| असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेस्की |
|---|---|---|---|---|---|
| २,७९३,९२८.७३ | ६,९५३,८६५ | १०,९०८,४०७.२६ | ० | ० | ५,४०२,६६५ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रू.** | | | | | २६,०५८,८६५.९९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी संपरीक्षण भएको रकम रू.** | | | | | २,६४७,९८० |
| **संपरीक्षणबाट थप भएको बेरुजु रू.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रू.** | | | | | २३,४१०,८८५.९९ |

**स्थानीय तह :**

| **गत बर्षको जिम्मेवारी** | | ९६६०७४७५.३९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४२५१६५१५४ | **चालु खर्च** | ३६२४७९८७३.६७ |
| **प्रदेश सरकारबाट अनुदान** | २४९५२९४० | **पुंजीगत खर्च** | २४४१२८०२३.५ |
| **राजश्व बाँडफाँड** | ९६८०६३१२.२७ | **वित्तीय/अन्य व्यवस्था** | १७५८१९५०१.९१ |
| **आन्तरिक आय** | ८२८०४०५.६८ | | |
| **अन्य आय** | १८१८३७४६७.६१ | | |
| **कुल आय** | ७३७०४२२७९.५६ | **कुल खर्च** | ७८२४२७३९९.०८ |
| **बाँकी मौज्दात** | | ५१२२२३५५.८७ | |

## बेरूजु दफा ४.२ सँग सम्बन्धित विवरण- अनुसूची -३

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १०६२२७१२२.३१ | ५६०११७०९४.९५ | ६१५१२१८६१.३९ | ५१२२२३५५.८७ |
| एकीकृत आर्थिक विवरणअनुसार | ९६६०७४७५.३९ | ७३७०४२२७९.५६ | ७८२४२७३९९.०८ | ५१२२२३५५.८७ |
| **फरक** | **९६१९६४६.९२** | **-१७६९२५१८४.६१** | **-१६७३०५५३७.६९** | ० |

## बेरूजु दफा २६ सँग सम्बन्धित विवरण- अनुसूची -४

| योजनाको नाम | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | घटी % |
|---|---|---|---|---|
| जरुवा हतिटार चप्लेटी रातमाटे सडक मर्मत | के. बि ग्रुप निर्माण सेवा प्रा. लि. | ८६८९०२.२० | ८६७७९०.२८ | ०.१२ |
| सडक मर्मत कार्य वडा नं ४ | नविता एण्ड लोप्चन कन्स्ट्रक्सन प्रा. लि . | ७७२६२५.७८ | ७६७२३४.४१ | ०.७ |
| पलासे मोवासी कुसुमवोटे केउरेनी सडक निर्माण र ग्रावेल कार्य | राधाकृष्ण निर्माण सेवा | ३६५५४४.५० | ३५२६१३.५६ | ३.५४ |
| वडा नं २ अधुरो स्वास्थ्य चौकी निर्माण | गलान ईन्फ्राटेक सर्वेइङ एण्ड इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा. लि | ५७८९४५.०५ | ५७७९११.१० | ०.१८ |
| वडा नं ५ अधुरो भवन झ्यालढोका, रंगरोगन तथा सम्पन्न | विशाल होम निर्माण सेवा | ९६५४७७.३१ | ९६५१४५.२८ | ०.०३४ |
| वडा नं ८ बाटो मर्मत तथा निर्माण | शिवशक्ति निर्माण सेवा | ७७२४७२.०३ | ७६७०३८.६९ | ०.७ |
| तेलतेले बाटो निर्माण | जनज्योती निर्माण सेवा | ६७५९७०.६ | ६६९७४९.१९ | ०.९२ |
| वडा नं ४ अधुरो भवन निर्माण | समृद्धि निर्माण सेवा | ८९९८२९.४२ | ८९६०३९.९९ | ०.४२ |

## बेरूजु दफा ५३ सँग सम्बन्धित विवरण- अनुसूची -५

| गो भौ नं र मिति | बजेट उपशीर्षक | भुक्तानी पाउनेको नाम | प्रयोजन | भुक्तानी रकम |
|---|---|---|---|---|
| ९४-२०८०।०३।१८ | संघ पुंजीगत | पोखरेल एण्ड सन्स सप्लायर्स एण्ड ट्रेडर्स | फर्निचर फिक्चर्स खरिद | ९९५६४ |
| २०२-२०८०।०१।१२ | गाउँपालिका पुंजीगत | पोखरेल एण्ड सन्स सप्लायर्स एण्ड ट्रेडर्स | फर्निचर खरिद | ९७७१५६ |
| ६१-२०७९।०६।०७ | गाउँपालिका चालु | लक्ष्मी छापाखाना | निती कार्यक्रम छपाई | २५७०७५ |
| ६२-२०७९।०६।०७ | गाउँपालिका चालु | लक्ष्मी छापाखाना | राजपत्र छपाई | ५७६३०० |
| ३९८-२०८०।०१।०८ | गाउँपालिका चालु | लक्ष्मी छापाखाना | विभिन्न छपाई | २३५४३५ |
| **जम्मा** | | | | **२१४५५३०** |

### बेरूजु दफा ५९ सँग सम्बन्धित विवरण - अनुसूची - ६

| क. सं | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | नेपालटार कभडहल डिपिआर | पारागन ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा. लि. | ५००००० | ४९६०७० |
| २ | देउलिकुना पक्कीपुलबाट वाहसनिटार हुँदै जरुवा सडक डिपिआर | ए. पि. ई. डिजाईन सोलुसन प्रा.लि. | १०००००० | १९७७५०० |
| ३ | पसलटार हुलाक भञ्याङ्ग बुढाबुढी सडक डिपिआर | | ५००००० | |
| ४ | आहाले थाक्ले वस्तिपुर सडक डिपिआर | | ५००००० | |
| ५ | उदयपुरगढी कुर्कुनटार सडक डिपिआर | टेक वर्ल्ड ईन्जिनियरिङ कन्सल्टेन्सी | ८००००० | ७८६४८० |
| ६ | वडा नं १ र ३ को वडा भवनको डिपिआर Soil Test समेत | एच. एन . एम . ईन्जिनियरिङ्ग एण्ड कन्सल्टेन्सी प्रा . लि . | १४००००० | १३९५५३५ |
| ७ | थाक्ले दमाईडाँडा सडक डिपिआर | डायग्रिड ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि . | ४००००० | ३९८३६५ |
| ८ | गा. पा. को प्रशासकीय भवनको डिपिआर Soil Test समेत | न्यू प्लानेट इन्जिनियरिङ्ग सर्भिसेज प्रा. लि . | ३७००००० | १७९७८३० |
| ९ | अँधेरी नाङराङ्गे तिल्केनी थापाटार हाडेवास सडक डिपिआर | सगरमाथा इन्जिनियरिङ्ग एण्ड मेनेजमेन्ट कन्सल्टेन्सी | ५००००० | ४९७९१४ |
| १० | स्वर्गे सडक डिपिआर | स्काईलाइन सिभिल डिजाइन कन्सल्टेन्ट | ५००००० | ४९७९१४ |
| ११ | दनुवारवेशी रातमाटे मौवासी पलासे रिस्कु सडक डिपिआर | अल्बर्टा इन्जिनियरीङ्ग एण्ड बिल्डर्स प्रा. लि . | ६००००० | ५९६३१५ |
| १२ | हाडेटार गुफा तथा मन्दिर डिपिआर | नैन इन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा. लि . | ५००००० | ४९६०७० |
| १३ | सडक इन्भेन्टरी निर्माण | गोदावरी रिसर्च एण्ड सिभिल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | ६००००० | ५९६६४० |
| १४ | माथिल्लो बर्रे बाघढुंगा जोड्ने सडक सर्भे | गर्ग सिभिल डिजाईन एण्ड कन्स्ट्रक्सन | ५००००० | ४९८३७६ |
| १५ | वडा नं १ को स्वास्थ्य कार्यालयको डिपिआर | डायग्रिड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि . | ५००००० | ४९९४६० |
| १६ | भू उपयोग योजना निर्माण | रयाम्प इन्जिनियरिङ्ग प्रा. लि . | ५००००० | ४९५००० |
| | **जम्मा** | | १३०००००० | ११०२९४६९ |

### बेरूजु दफा ६० सँग सम्बन्धित विवरण - अनुसूची - ७

| भौ. नं. | परामर्शदाता | कार्य | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १६६ गापा चालु | स्पेस इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. | कृषि तथा पशु सुचना तथा वेभसाइट निर्माण | ४९७४२६ | १४९२२७ |
| ७ कृषि चालु | ओझा इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि . | कृषि मोबाइल एप निर्माण | ४९७२०० | १४९१६० |
| **जम्मा** | | | | २९८३८७ |

## बेरूजु दफा ६६ सँग सम्बन्धित विवरण - अनुसूची -८

| भौचर नं र मिति | आयोजनाको नाम | उ. स./ निर्माण व्यवसायीको नाम | नापी किताबमा खरिद गरेको ग्याविन संख्या | ग्याबिन भरेको | फरक | दर | बढी भुक्तानी | भ्याट सहित |
|---|---|---|---|---|---|---|---|---|
| ७-०५।२८ | पलासे मोवासी कुसुमवोटे केउरेनी सडक निर्माण | राधाकृष्ण निर्माण सेवा | ० | १६ | १६ | २३७३.२० | ३७९७१.२० | ४२९०७.४६ |
| ३१-०९।०७ | वडा नं ८ मर्मत तथा निर्माण | शिवशक्ति निर्माण सेवा | ५ वटा १० cum | ३६ cum १८ वटा | २६ cum १३ वटा | ३३५०/cum | ८७१०० | ९८४२३ |
| ४४-०९।१८ | रातमाटे पानिघट्टा सडक मर्मत वडा नं ३ | रातमाटे पानिघट्टा ठुलो ढुङ्ग्रे जोड्ने सडक निर्माण उ स | ० | १ | ३ cum | २९१९.२० | ८७५७.६० | ८७५७.६० |
| जम्मा | | | | | | | | १५००८८.०६ |

## बेरूजु दफा ६८.१ सँग सम्बन्धित विवरण - अनुसूची -९

| आयोजनाको नाम | संघ (२०) | स्वीस सरकार (३०) | प्रदेश सरकार (२०) | स्थानीय तह (२०) | उपभोक्ता समिति (१०) | आयोजनाको कुल खर्च |
|---|---|---|---|---|---|---|
| माटेखोला मुहानगरी बिरौटा तल्लो सिचाई | ४८७००० | ७३१००० | ४८७००० | ४३५००० | २४३९११ | २३८३९११ |
| बैजनाथ चिदिदह मुहान गरि गैया सिचाई योजना | ५००००० | ७५०००० | ५००००० | २७०००० | ३१३९२७ | २३३३९२७ |
| अर्ने मुलकुलो सिचाई योजना | ५८३००० | ८७७००० | ५८३००० | ५३०००० | २८९०२६ | २८६२०२६ |
| तावाखेला सिमलखेत जरुवा कुलो | ४१३००० | ६२०००० | ४१३००० | ३९८००० | २०६९२४ | २०५०९२४ |
| बडहरे खोला मुहानगरी पुजारिटार आउने कुलो मर्मत | ४५४००० | ८८०००० | ४५४००० | ५९८००० | २६९५१६ | २६५५५१६ |
| ढुङ्गेखोला मुहानगरी सोलीढुगा सिचाई | ७२१००० | १०८०००० | ७२१००० | ६५३००० | ३६०१७९ | ३५३५१७९ |
| धमिलेखेला मुहानगरी तल्लो बाहसनिटार थापा कित्ता आउने कुलो मर्मत | ३३४००० | ५०१००० | ३३४००० | ४००००० | १६७२६४ | १७३६२६४ |
| कुल खर्च | ३४९२००० | ५४३९००० | ३४९२००० | ३२८४००० | १८५०७४७ | १७५५७७४७ |
| लागत साझेदारी व्यहोर्नुपर्ने रकम | ३५११५४९ | ५२६७३२४ | ३५११५४९ | ३५११५४९ | १७५५७७५ | |
| **फरक रकम** | **१९५४९** | **-१७१६७६** | **१९५४९** | **२२७५४९** | **-९४९७२** | |

### बेरूजु दफा ८९ सँग सम्बन्धित विवरण- अनुसूची-१०

| क.सं. | नाम | रकम |
|---|---|---|
| १ | नर बहादुर सार्की | ३०००० |
| २ | विष्णुमाय सार्की | ३०००० |
| ३ | सोम वहादुर वि.क. | ३०००० |
| ४ | वसनमाया श्रेष्ठ | ३०००० |
| ५ | भिम वहादुर वि क | ३०००० |
| ६ | प्रेम वहादुर श्रेष्ठ | ३०००० |
| ७ | मिश्रमाया सार्की | ३०००० |
| ८ | हर्क वहानुर विश्वकर्मा | ३०००० |
| ९ | रुद्र बहादुर साइपुले | ३०००० |
| १० | दिल कुमारी वि क | ३०००० |
| ११ | डिल्लि बहादुर विश्वकर्मा | ३०००० |
| १२ | पम्फा माया कामी | ३०००० |
| १३ | खड्गा बहादुर सार्की | ३०००० |
| १४ | दिल कुमारी मग्राती | ३०००० |
| १५ | दैया वि क | ३०००० |
| १६ | सन्तोष कोइराला (सार्की) | ३०००० |
| १७ | अम्बर वहादुर विश्वकर्मा | ३०००० |
| १८ | मिरा कुमारी धौलाकाेटी | ३०००० |
| १९ | भागसेर राई | ३०००० |
| २० | बुद्धमान तामाङ्ग | ३०००० |
| २१ | रेवत वहादुर सार्की | ३०००० |
| २२ | रत्न वहादुर सार्की | ३०००० |
| २३ | कृष्ण बहादुर सार्की | ३०००० |
| २४ | भक्त वहादुर विश्वकर्मा | ३०००० |
| २५ | बुद्ध वहादुर तामाङ्ग | ३०००० |
| २६ | विन्द वहादुर सार्की | ३०००० |
| २७ | गंग वहादुर नेपाली | ३०००० |
| २८ | नर वहादुर सार्की | ३०००० |

| | | |
|---|---|---|
| २९ | दान बहादुर सार्की | ३०००० |
| ३० | हक लाल दमाई | ३०००० |
| ३१ | टिक वहादुर सार्की | ३०००० |
| ३२ | नैनध्वज परियार | ३०००० |
| ३३ | भेष वहादुर सार्की | ३०००० |
| ३४ | अम्वर वहादुर दमाई | ३०००० |
| ३५ | हिमाल कुमार राेकाह | ३०००० |
| ३६ | सान्ती कुमारी विश्वक्रमा | ३०००० |
| ३७ | रामकुमारी विश्वक्रमा | ३०००० |
| ३८ | डाक वहादुर भुजेल | ३०००० |
| ३९ | चित्र वहादुर परियार | ३०००० |
| ४० | हर्क वहादुर दमाई | ३०००० |
| ४१ | नरमाया सार्की | ३०००० |
| ४२ | मिन कुमारी विश्वकर्मा | ३०००० |
| ४३ | धन बहादुर दमाई | ३०००० |
| ४४ | दिपक विश्वकर्मा | ३०००० |
| ४५ | धन वहादुर विश्वकर्मा | ३०००० |
| ४६ | भिमा कुमारी वि.क. | ३०००० |
| ४७ | सार्के दमाई | ३०००० |

## बेरूजु दफा ९१ सँग सम्बन्धित विवरण - अनुसूची - ११

| शीर्षक | अनुमान | असुली | प्रतिशत |
|---|---|---|---|
| ११३१३ सम्पती कर | ४००००० | ३५९१४७ | ८९.७९ |
| ११३१४ भुमिकर/मालपोत | ६००००० | ६६४५९९.६८ | ११०.७७ |
| ११२३१ बहाल कर | १००००० | २६७६४९ | २६७.६४ |
| ११३२२ बहाल बिटौरी कर | १०००० | ७०००० | ७०० |
| ११४५१ साना सवारी साधन कर | १०००० | ० | ० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | ३०००० | ० | ० |
| ११६९१ अन्य कर | ११०००० | १३५८४३३ | १२३४.९४ |
| १४१५१ सरकारी सम्पत्तिको बहाल आय | १०००० | ० | ० |

| | | | |
|---|---|---|---|
| १४१५९ अन्य स्रोतबाट प्राप्त हुने रोयल्टी | १०००००० | ३२६९५४० | ३२६.९५ |
| १४२१२ सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त रकम | २०००० | ० | ० |
| १४२१३ अन्य विक्रीबाट प्राप्त रकम | ५००० | ० | ० |
| १४२२१ न्यायिक दस्तुर | ५००० | १२००० | ० |
| १४२२४ परीक्षा शुल्क | ३०००० | १८७०० | ६२.३३ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २००००० | ४०६६५० | २०३.३३ |
| १४२४२ नक्सा पास | २००००० | ८९५७१ | ४४.७९ |
| १४२४३ सिफारिस दस्तुर | १०००००० | ७२३४९९ | ७२.३४ |
| १४२४४ व्यक्तिगत घटना दर्ता | २००००० | ६५७९९१ | ३२९ |
| १४२४५ नाता प्रमाणित | ५०००० | ९१३१९ | २७५ |
| १४२४९ अन्य दस्तुर | १००००० | १००५२६ | १००.५३ |
| १४२५३ व्यवसाय दर्ता सुल्क | ५०००० | १३७७६१ | २७५.५२ |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | ५०००० | ० | ० |
| १४६११ व्यवसाय कर | १००००० | ५३०२० | ५३.०२ |
| **जम्मा** | ४२८०००० | ८२८०४०६ | १९३.४७ |